# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८३

तथा

# कार्यान्वयनका लागि पाँच वर्षे विस्तृत कार्ययोजना

## कार्ययोजना अवधि २०८३/०८४ देखि २०८७/८८

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय धनुषा
जिल्ला, मधेश प्रदेश

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८३

## तथा

## कार्यान्वयनका लागि पाँच वर्षे विस्तृत कार्ययोजना

कार्ययोजना अवधि २०८३/८४ देखि २०८७/८८

मस्यौदा सहयोग तथा सहजिकरण :

न्याय तथा अधिकार संस्था -नेपाल (जुरी नेपाल)

ज्वागल, ललितपुर

सहयोग तथा सहकार्य :

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यू.एन.एफ.पी.ए.)

जनकपुरधाम उप-महानगरपालिका

धनुषा जिल्ला

मधेश प्रदेश

## विषयसूची

### परिच्छेद - एक

### पृष्ठभूमि


१.१ परिचय १

१.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा देखिएका समस्या, नीतिगत रिक्तता (Gaps) तथा सुधार गर्नुपर्ने पक्षहरु

१.३ जनकपुरधाम उप-महानगरपालिकामा कार्यरत सरोकारवालाहरुको नक्साङ्कन ४

१.४ लैससास नीतिको आवश्यकता तथा औचित्यताः ८

१.५ लैससास सम्बन्धी आधारभूत सिद्धान्तहरु ८


### परिच्छेद - दुई

### अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्थाहरु र प्रतिवद्धता


२. १ मानव अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु १०

२.२ महिला अधिकार बेइजिङ सम्मेलन १०

२.३ जाकार्टा सिद्धान्त ११

२.४ दिगो विकास लक्ष्य ११

२.५ मानव अधिकारका सिद्धान्तहरु १२

२.६ राष्ट्रिय कानूनी व्यवस्थाहरु १२

२.७ अन्य कानूनी व्यवस्थाहरु १३

२.८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ १४

२.९ राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ १४

२.१० सोह्रौ पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/२०८६) १४

२.११ लैससासमा मधेश प्रदेशको अवस्था र नीतिगत प्रयास १५

२.१२ प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९ १७

परिच्छेद - तीन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण  नीति, २०८२


३.१ प्रस्तावना १८

३.२ दीर्घकालीन सोच १८

३.३ दीर्घकालीन लक्ष्य १८

३.४ उद्देश्यहरु १८

३.५ संक्षिप्त नाम र परिभाषा १९

३.६ लैससास नीति तथा रणनीतिहरु २२


परिच्छेद – चार

लैससास नीति तथा कार्ययोजना कार्यान्वयार्थ संस्थागत संरचना


४.१ पालिकास्तरिय अनुगमन तथा मूल्याङ्कन समिति २२

४.२ पालिकास्तरिय अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी २४

४.३ वडास्तरीय अनुगमन तथा मूल्याङ्कन उपसमिति २४

४.४ वडास्तरीय अनुगमन तथा मूल्याङ्कन उपसमितिको जिम्मेवारी २५

४.५ पालिकास्तरीय लैससास शाखा २५

४.६ पालिकास्तरीय लैससास शाखाको काम कर्तव्य र अधिकार २६

४.७ वडास्तरीय लैससास उपशाखाको काम कर्तव्य र अधिकार २६


परिच्छेद–पाँच

लैससास नीति तथा कार्ययोजना कार्यान्वयन


५.१ नीतिको कार्यान्वयन २७

५.२ आर्थिक स्रोत २७

५.३ मानवीय स्रोत २७

५.४ नीतिको पुनरावलोकन तथा सुधार २७

५.५ खारेजी तथा बचाउ २७

परिच्छेद–छ

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैसमास) नीति, २०८२ कार्यान्वयनको लागि पाँच वर्षे बिस्तृत कार्ययोजना

६.१ पाँच वर्षे बिस्तृत कार्ययोजना २९

६.२ बिस्तृत कार्ययोजनाको उद्देश्य, औचित्यता र विधि तथा तयारी प्रक्रिया २९

६.३ कार्ययोजना तयारी विधि तथा प्रक्रिया ३१

६.४ लैससास नीति २०८३ को कार्यान्वयनको पाँच वर्षे बिस्तृत कार्ययोजना
२०८३/८४ - २०८७/८८ ३२

# परिच्छेद - एक

## पृष्ठभूमि

१.१ परिचय जनकपुरधाम उपमहानगरपालिका धनुषा जिल्लाको सदरमुकाम र मधेश प्रदेशको राजधानी हो । मधेश प्रदेश देशको कुल जनसंख्याको १८.४ प्रतिशत जनसंख्या भएको दोस्रो ठूलो प्रदेश हो । वर्तमान समयमा यो उपमहानगरपालिकाको कुल क्षेत्रफल ९१.९७ वर्ग किलोमिटर रहेको छ भने २०७८ सालको जनगणनाअनुसार यहाँ जम्मा घरधुरी ३०, ५८९ को कुल जनसंख्या १,६२,१७२ रहेको छ भने यहाँ महिला ७७,८९६ र पुरुषको जनसंख्या ८४,२७६ रहेको छ। जनसंख्याको हिसावले महिला भन्दा पूरुषको संख्या वढी छ। यो उपमहानगरपालिकालाई २५ वडामा विभाजन गरिएको छ। कृषि, माछापालन, पशुपालन, व्यापार, व्यवसाय, धार्मिक पर्यटन र विप्रेषण नै उपमहानगरपालिकाको आम्दानीका प्रमुख स्रोतहरु हुनु । जनसंख्याको हिसावले यहाँ यादव, तराई ब्राम्हण, सुडी, मुस्लिम, तेली, मुसहर र कायस्थ आदि रहेका छन् । हालको तथ्याङ्क अनुसार यहाँ १० देखि १५ प्रतिशत तराई दलित रहेका छन ् । त्यसैगरी यहाँको कुल जनसंख्यामध्ये ९६७ जना शारीरिक अपाङ्गता भएका व्यक्तिहरु छन् ।

मधेश प्रदेश मानव विकास सूचांक अनुसार ०.४२ स्तरमा रहेको छ जुन नेपालको सबैभन्दा कम स्तरमा पर्दछ भने यस प्रदेशको साक्षरता दर ४०.९ मात्र रहेको छ। यसको मुख्यकारण भनेको अन्य ठाउँमा जस्तै यस जनकपुरधाम उपमहानगरपालिकामा पनि महिला तथा अन्य लक्षित वर्गहरु विभिन्न प्रकारका भेदभावबाट पीडित हुनुका साथै आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा स्वास्थ्य अवस्थाको हिसाले तुलनात्मक रुपमा धेरै पछाडि छन्। दाइजो प्रचलन, बालविवाह, बहुविवाह, जातीय भेदभाव, लैङ्गिक हिंसा, बाल श्रम, बोक्सीको आरोप, प्रजनन् स्वास्थ्यसँग सम्बन्धित समस्याहरुमध्ये पाठेघर खस्ने, फिस्टुला, असुरक्षित गर्भपतन, अनिच्छुक गर्भाधारण, तथा  लिङ्ग छनौट गरी गरिने गर्भपतन तथा असुरक्षित प्रसूति, महिनावारी भेदभावका साथै हानिकारक सामाजिक प्रचलनहरु जस्ता लैङ्गिकतामा आधारित हिंसाहरु अझ पनि जनकपुरधाम उपमहानगरपालिकाको समस्याको रुपमा रहको छ ।

यस पृष्ठभूमिमा यस जनकपुरधाम उप-महानगरपालिकाले महिला तथा लक्षितवर्गलाई केन्द्रित गरी उनीहरुको शिक्षा, स्वास्थ्य तथा आर्थिक सशक्तिकरणका लागि धेरै प्रयास गरेको छ । महिला, दलित तथा अपाँगता भएका व्यक्तिहरु विरुद्ध हुने लैंगिकता तथा जातिगत हिंसा विरुद्धका अभियानहरु सञ्चालन गदै आएको छ । यस पालिकाले पालिका व्यवस्थित रुपमा सञ्चालनका लागि हालसम्म ४७ वटा कानून, कार्यविधि तथा निर्देशिकाहरु वनाई लागु गरेको छ। जसमा शिक्षा ऐन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, सामाजिक सहायता सञ्चालन तथा व्यवस्थापन ऐन, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ (संघीय कार्यविधि), अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५, नगर प्रहरी सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७५ ले महिला, बालबालिका, बिपद् जोखिममा रहेको व्यक्ति तथा अन्य लक्षित समुदायहरुको संरक्षणको लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ।

जनकपुरधाम उपमहानगरपालिकाले प्रस्तुत गरेको आ.व. २०८१/८२ र २०८२ /८३ को नीति तथा कार्यक्रममा यस पालिकाले लैङ्गिक समानता तथा विभिन्न कारणले पछाडि पारिएका समुदायको

सहभागिता वृद्धि गर्न समानतामूलक समाज विकासका लागि धेरै नीतिगत व्यवस्थाहरु गरेको छ । शिक्षा, युवा तथा खेलकुदको सम्बन्धमा विद्यालयलाई अपाङ्गतामैत्री र छात्रामैत्री बनाउनेगरी न्यूनतम भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइने कुरा यस नीतिको लैससास कायम गर्नका लागि महत्वपूर्ण पक्षको रुपमा लिन सकिन्छ । महिलाको आर्थिक तथा व्यवसायमा सहभागिता वढाउन सकारात्मक पहलको रुपमा यस पालिकाले आर्थिक वर्षको प्रथम ३ महिनाभित्र सम्पत्ति कर तथा व्यवशाय कर बुझाउने करदातालाई पुरुषको हकमा ५ प्रतिशत र महिलाको हकमा १० प्रतिशत छुट र कर छुट दिने व्यवस्था गरेको छ ।

स्वास्थ्य सेवामा नवजात शिशु, आमा र बालबालिकाको पोषण, प्रजनन् स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाममा विशेष जोड दिने व्यवस्था, बालबालिका, महिला, जेष्ठ नागरिक, अपाङ्गता लगायत जोखिम समूहका व्यक्तिलाई विशेष स्वास्थ्य कार्यक्रम, सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई निःशुल्क यातायात, एम्बुलेन्स खर्च उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने व्यवस्था, नगरका सबै गर्भवती महिलालाई क्याल्शीयम तथा गुणस्तरीय झुल वितरण गरिनुका साथै....गर्भवती महिलाहरुको ओसारपसारको लागि एम्बुलेन्सको व्यवस्था, विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने व्यवस्थाका साथै तेश्रो लिङ्गीहरुको पहिचान संरक्षण गरी सिपमूलक कार्यहरुमा लगाइने, महिला, दलित जनजाती तथा पिछडा वर्गका लागि आयआर्जनका विशेष कार्यक्रमहरु जस्तैः रोजगार श्रृजनाका लागि उद्यमशीलता विकास तालिम, सिप विकास तालिम, प्रविधि हस्तान्तरण तथा बजार व्यवस्थापन जस्ता क्षेत्रमा क्षमता विकास गर्ने, उपमहानगरपालिकाको कार्यालयमा कम्तीमा एउटा स्तनपान कक्षको व्यवस्था गर्ने र पछि वडामा विस्तार गरिने व्यवस्था तथा सबै वडा स्वास्थ्य कार्यालयमा बर्थिङ सेन्टरको व्यवस्था गर्ने नीतिगत पहल गरेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बोधनका लागि छुट्टै इकाई खडा गरिने व्यवस्था र यस कार्यान्वयनको लागि आचार संहिता निर्माण गरी लागु गरिने जस्ता नीतिगत व्यवस्थाहरु लैससास प्रवर्द्धनका महत्वपूर्ण छ ।

## १.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा देखिएका समस्या, नीतिगत रिक्तता (Gaps) तथा सुधार गर्नुपर्ने पक्षहरु

| समस्याको पहिचान |
| --- |
| • बालबिवाह नियन्त्रण सम्बन्धी कानूनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन नभएको<br>• दाइजोका कारण महिला विरुद्धका हिंसा अझ पनि समस्याको रुपमा रहेको<br>• आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रुपमा कार्यान्वयन नभएको<br>• वडा कार्यालयमा पर्याप्त भवन तथा कोठाको कमीले गर्दा प्रजनन स्वास्थ्य सेवा अन्तर्गत गर्भवती जाँच तथा गर्भनिरोधक साधनको प्रयोग र वितरणमा गोपनियता कायम गर्न गाह्रो भएको<br>• प्रजनन स्वास्थ्य अन्तर्गत महिलाहरुमा पाठेघर खस्ने समस्या, अनिच्छुक गर्भधारणको समस्या तथा गर्भावस्थामा पौष्टिक खानाको कमीले कुपोषणको समस्याहरु देखिएको, |

| | |
|---|---|
| • समुदायमा महिला कानुनी हक अधिकार, व्यक्तिगत घटना दर्ता तथा शिक्षाको महत्व र प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ज्ञानको कमीका कारण महिला विरुद्धका घरेलु हिंसा, प्रजनन स्वास्थ्य सम्बन्धी हिंसा, छुवाछुत तथा हानिकारक सामाजिक अभ्यासहरुबाट पहिला तथा दलितहरु पीडित हुनु परेको अवस्था,<br>• स्थानीय विद्यालयहरुमा आवश्यकता अनुसार पर्याप्त शिक्षक नभएको र भएका शिक्षकहरुमा पनि विषयगत क्षमता कमी भएको कारण गुणस्तरीय शिक्षा कायम हुन नसकेको,<br>• स्थानीय विद्यालयहरुमा अपाङ्गतामैत्री शिक्षाको लागि शिक्षक, पाठ्यपुस्तक तथा अपाङ्गमैत्री भवन पर्याप्त नभएको,<br>• महिलाहरुको सहभागिता वृद्धि भए तापनि नेतृत्वमा आवश्यकतानुसार प्रभावकारी  तथा सक्रिय हुन नसकेको<br>• समुदायमा महिला नेतृत्व विकास हुन नसकेका कारण महिलाहरु व्यावसायिक  तथा आर्थिक उपार्जन सम्बन्धी काममा सक्रिय सहभागिता नभएको,<br>• कृषिबाट उत्पादन गरेका सामानहरुको उचित मूल्य सहितको वजार व्यवस्थापन नभएको कारण आर्थिक उपार्जनका कामहरु प्रभावकारी नभएको | |
| रिक्तता **(Gaps)** | सुधार गर्नुपर्ने पक्षहरु |

| | |
|---|---|
| • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी छुट्टै नीति नभएको<br>• वार्षिक नीति तथा कार्यक्रममा कृषि, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन तथा संस्कृति, भूमी व्यवस्था, सहकारी तथा वित्तीय सेवा, श्रम, रोजगारी तथा गरिवी निवारणजस्ता महत्वपूर्ण विषयमा विशेष गरी एकल महिला, बिधवा वा आर्थिक रुपमा विपन्न तथा लैङ्गिक हिंसाबाट प्रभावित महिलाको जीवनस्तर माथि उठाउने वा राहत र सहुलियत दिने जस्ता कुराहरु उल्लेख गर्न छुटेको,<br>• लैङ्गिक हिंसा, बालविवाह, दहेजको कारणले हुने हिंसा नियन्त्रणको लागि रणनीतिगत पहल नभएको,<br>• महिला, बालिका तथा किशोरी र दलित तथा अपाँगता भएको व्यक्तिहरुमाथि हुने हुने वहुपक्षीय भेदभाव र हिंसा सम्बोधन नभएको,<br>• लैङ्गिक तथा मानव अधिकारमैत्री शव्दहरु प्रयोग नभएको<br>• संस्थागत संरचना अन्तर्गत लैससास शाखा नभएको<br>• लैङ्गिक तथा जातीय विभेद बढाउने र हानिकारक परम्परा उन्मूलनका लागि नीतिगत व्यवस्था नभएको<br>• महिलाको प्रजनन स्वास्थ्य संरक्षणमा पाठेघर खस्ने, असुरक्षित गर्भपतन, अनिच्छुक गर्भाधरण तथा प्रसूति स्याहारको | • महिला तथा लक्षित वर्ग विशेष गरी दलित अर अपाङ्गता भएका व्यक्ति, हिंसा पीडित तथा विपन्न महिलाहरुको आर्थि सशक्तिकरण नीति वनाई कार्यान्वयन गर्नुपर्ने,<br>• लैङ्गिक हिंसा, बालविवाह, दहेजको कारणले हुने हिंसा उन्मूलनसम्बन्धी पाँच वषे कार्ययोजना वनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,<br>• लैङ्गिक हिंसा उन्मूलन कार्ययोजनामा सो स्पष्ट रुपमा सम्बोधन गर्नुपर्ने,<br>• तेश्रो लिङ्गीको सट्टा लैङ्गिक तथा यौनिक अल्पसंख्यक (संविधानको धारा १८) प्रयोग गर्नुपर्ने,<br>• पालिका तथा वडास्तरमा सम्बोधन गर्नका लागि पालिकामा लैससास शाखा र वडामा समितिको व्यवस्था गर्नुपर्ने,<br>• जातीय आधारमा हुने छुवाछुत, विधवा महिलालाई लगाइने लाञ्छना, महिनावारी भेदभाव जस्ता हानिकारक अभ्यास हटाउन पहल गर्नुपर्ने,<br>• परम्परागत कामको रुपान्तर र घरायसी कामको मूल्यांकनको बारेमा स्पष्ट कार्यविधि हुनुपर्ने |
| वारेमा सचेतना तथा सहयोगमूलक कार्यक्रम नभएको<br>• अनौपचारिक क्षेत्रमा भएको बालश्रम, बालबालिका विरुद्धको हिंसा तथा बेचविखन नियन्त्रणको लागि विशेष नीतिगत तथा कार्यगत प्रयास नभएको<br>• मदरसा शिक्षालाई कसरी आधिकारिकता प्रदान गर्ने भन्ने बारेमा नीतिगत व्यवस्था नभएको | • समुदायस्तरका पुरुष तथा युवाहरुलाई यसमा सचेतना जगाउने कार्यक्रम आवश्यक भएको<br>• विद्यालय, अनौपचारिक क्षेत्रका व्यक्तिहरु तथा समुदायमा यस प्रकारका अपराध नियन्त्रणको लागि नीति तथा कार्यक्रम हुनुपर्ने<br>• मदरसा शिक्षालाई आधिकारिकता प्रदान गर्न स्पष्ट नीतिगत व्यवस्था हुनु पर्ने,<br>• महिलाको नेतृत्व विकासका लागि नीतिगत व्यवस्था गर्नुपर्ने |

## १.३ जनकपुरधाम उपमहानगरपालिकामा कार्यरत सरोकारवालाहरुको नक्साङ्कन

जनकपुरधाम उपमहानगरपालिकामा लैससास, महिला तथा बालबालिकाको हक अधिकार तथा लैङ्गिक हिंसा विरुद्धका क्षेत्रमा काम गर्ने र यस विषयमा प्रत्यक्ष सरोकार राख्ने उपमहानगरपालिकामा विभिन्न महाशाखा तथा शाखाहरु, विभिन्न सरकारी निकायहरू, विकास साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरूका साथै सामुदायिक संस्थाहरुलाई सरोकारवालाको रूपमा लिएको छ । यस विस्तृत कार्ययोजना तयार गर्ने क्रममा उपमहानगरपालिकाका क्षेत्रमा कार्यरत सरोकारवालहरुसँग गरिएको छलफलअनुसार  देहायका विषयमा विभिन्न सरोकारवाला संस्थाहरुले काम गर्दै आएका छन्

- सशक्त महिला समृद्ध नेपाल कार्यक्रम (EPWN)[1]
- प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम
- शैक्षिक समानता र शैक्षिक समावेशी कार्यक्रम
- सुरक्षा र न्याय कार्यक्रम
- सामुदायिक मनोसामाजिक सहयोग परियोजना
- लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम
- सकारात्मक लैङ्गिक मापदण्डहरुको प्रबर्धन, लैङ्गिक हिंसा रोकथाम र सेवाहरुमा बढदो पँहुच कार्यक्रम
- निर्वाचित दलित महिला प्रतिनिधिहरूको क्षमता विकास कार्यक्रम
- महिला संचारकर्मिको क्षमता अभिबृद्धि कार्यक्रम
- वातावरण (Ecology) र सरसफाई कार्यक्रम
- नेपालको सशाशन र विकास प्रक्रियामा  अपाङ्गता अधिकार प्रबर्धन र समावेशिकरण गर्न अपाङ्गता भएका ब्यक्तिहरुको संस्थालाई क्षमता विकास सहयोग कार्यक्रम
- समाबेशी शासन, स्वतन्त्रताको प्रोत्साहन र नेपालका अपाङ्गता भएका महिला र बालिकाहरुको रुपान्तरित वातावरण परियोजना ।

| लैससाससँग प्रत्यक्ष सम्बन्ध राख्ने सरोकारवाला हरु | विषयगत क्षेत्र/कार्यक्रम/गतिविधिहरू तथा दातृ निकाय | कार्य क्षेत्र (वडा) | बिस्तृत कार्य योजनासँग सहकार्यका लागि सम्भावित क्षेत्रहरू |
|---|---|---|---|
| आसमान नेपाल | सशक्त महिला समृद्ध नेपाल कार्यक्रम UNFPA, UN Women, ILO, UNICEF को सहयोगमा<br><br>• विद्यालय र समुदायमा रुपान्तरण कार्यक्रम • महिला संरक्षण तथा आश्रय कार्यक्रम • आर्थिक सशक्तिकरण कार्यक्रम । | १७, १९,<br><br>२१, २२ | • लैङ्गिक समानता तथा महिला सशक्तिकरण,<br>• महिला तथा किशोरी संरक्षण, • विद्यालय र समुदायमा स्तरमा सचेतना,<br>• महिलाको आर्थिक सशक्तिकरण । |

[1] Empowered Women and Prosperous Nepal

| | | | |
|---|---|---|---|
| | प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम USAID को सहयोगमा | पुरै १ -२५<br><br>वडा मा | गुणस्तरीय प्राथमिक शिक्षा । |
| | शैक्षिक समानता र शैक्षिक समाबेशी कार्यक्रम USAID को सहयोगमा | १-२५ | समाबेशी शिक्षा । |
| दिब्य विकास श्रोत केन्द्र (DDRC) | सुरक्षा र न्याय कार्यक्रम (Security and Justice) PIN संगको साझेदारीमा | १-२५ | सुरक्षा र न्याय । |
| टि.पि.ओ (TPONepal[2]) नेपाल | सामुदायिक मनोसामाजिक सहयोग परियोजना, सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत<br><br>• मनोसामाजिक सहयोग,<br>• लैङ्गिक हिंसाका केश तथा survivors का लाइ रेफर,<br>• न्यायिक समिति र महिला सेललाई केश ब्यबस्थापनमा सहयोग । | ९, १ ०, १ १ | • लैङ्गिक हिंसा न्यूनीकरण,<br>• मानसिक स्वास्थ्य र survivors को रेफर,<br>• न्यायिक समिति र महिला सेल सुदृढीकरण । |
| ओरेक | लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम,<br>UN Women मार्फत EU र Government of Finland को सहयोगमा | १-२५ | • स्थानिय प्रतिनिधि तथा सरकारी अधिकारीको क्षमता अभिबृद्दि,<br>• लैङ्गिक बजेट,<br>• लैङ्गिक अवस्थाको सर्भेक्षण । |
| लाईफ नेपाल | लैससास | १-२५ | लैससास । |
| नेपाल.प्रजनन स्याहार केन्द्र (NFCC[3]) | सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत सकारात्मक लैङ्गिक मापदण्डहरुको प्रबर्धन, लैङ्गिक हिंसा रोकथाम र सेवाहरुमा बढदो पँहुच कार्यक्रम<br><br>• लैङ्गिक हिंसा तथा हिंसाका केश पहिचान तथा रेफर । | ११, २२, २३ | लैङ्गिक हिंसा न्यूनीकरण । |
| दलित महिला संघ (FEDO) | निर्वाचित दलित महिला प्रतिनिधिहरूको क्षमता विकास कार्यक्रम Brut Germany को सहयोगमा | १-२५ | दलित महिलाको राजनैतिक सहभागिता । |
| संगठनात्मक विकास र क्षमता वृद्धिको लागि समाज | महिला संचारकर्मिको क्षमता अभिबृद्दि कार्यक्रम | सिंगो प्रदेश मा | महिला र मिडिया । |

[2] Transcultural Psychosocial Organization Nepal (TPO-Nepal), there no other projects of TPO in Madhesh Province
[3] Nepal Fertility Care Center

| | | | |
|---|---|---|---|
| मिथि फाउन्डेसन, धनुषा | वातावरण (Ecology) र सरसफाई कार्यक्रम | सिंगो प्रदेश मा | लैससास मुखि वातावरण र प्रकोप जोखिम न्यूनीकरण । |
| असहायक संरक्षण मञ्च नेपाल | व्यक्तिगत दाता र उपमहानगरपालिकाको सहयोगमा<br>• कमजोर आर्थिक अवस्था भएका केटीहरूको विवाह गर्न सहयोग,<br>• गरिब र असहाय व्यक्तिहरूको लागि नि:शुल्क स्वास्थ्य सेवा,<br>• सरसफाई आन्दोलन,<br>• प्रकोप जोखिम न्यूनीकरण । | सिंगो प्रदेश मा (जनकपुर केन्द्रित) | परोपकार, सरसफाइ, स्वास्थ्य तथा प्रकोप जोखिम न्यूनीकरण । |
| कोशिस | नेपालको सशाशन र विकास प्रक्रियामा अपाङ्गता अधिकार प्रबर्धन र समावेशिकरण गर्न अपाङ्गता भएका व्यक्तिहरुको संस्थालाई क्षमता विकास सहयोग कार्यक्रम UN Women को सहयोगमा | १-२५ | अपाङ्गता अधिकार । |
| नेपाल ट्रेड यूनियन महार्सघ (GEFONT) | सम्बन्ध सुदृढीकरण कार्यक्रम, आई.एल.ओ.मार्फत USAID को सहयोगमा<br>• कृषक महिलाहरुको हक अधिकारको वारेमा सशक्तिकरण । | १-२५ | • लैससास मुखि कृषि,<br>• महिला कृषक सशक्तिकरण । |
| नेपाल अपाङ्ग महिला संघ र मुक्ति नेपाल | समाबेशी शासन, स्वतन्त्रताको प्रोत्साहन र नेपालका अपाङ्गता भएका महिला र बालिकाहरुको रुपान्तरित वातावरण परियोजना, UN Trust Fund को सहयोगमा | १-२५ | अपाङ्गता भएका महिलाको अधिकार, संरक्षण र सशक्तिकरण । |

## १.४ लैससास नीतिको आवश्यकता तथा औचित्यता:

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा, स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख गरिएबमोजिम नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आफ्नो पालिकामा आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक,

अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्नुपर्ने र पालिकामा समस्याको रुपमा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, मानव बेचविखन, छुवाछुत, दहेज तथा दाइजो, हलिया, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्वसमेत स्थानीय सरकारको रहेको छ । त्यसैले संवैधानिक तथा कानूनी दायित्व पूरा गर्नुका साथै देहायका आधार कारणसहित पालिकामा लैससास नीतिको आवश्यकता रहेको छ ।

क) लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशिताको सिद्धान्तलाई व्यावहारिक रुपमा आन्तरिकीकरण तथा स्थानीय तहमा मूलप्रवाहीकरण गर्न,

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न,

ग) नगरपालिकाको योजना तर्जुमा प्रक्रियादेखि कार्यक्रम सञ्चालन र परिणामसमेत लैससासमैत्री बनाउन,

घ) लैससासको अवधारणानुरुप पालिकाको शासन तथा नीतिगत तहमा सबैको समान प्रतिनिधित्व सुनिश्चित गर्न,

ङ) नगरपालिकाको सबै स्रोतहरुमा आवश्यकतानुसार लैससास उत्तरदायी बनाउन, च) नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरु लक्षित समूहसम्म पुऱ्याउन मार्गनिर्देशन गर्न,

छ) पालिकाको क्षेत्रमा समानुपातिक विकासको लागि मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण गर्न

## १.५ लैससास सम्बन्धी आधारभूत सिद्धान्तहरु

लैससास नीति तथा कार्ययोजना कार्यान्वयनमा देहायका सिद्धान्तहरु परिपालना गरिने छ ।

(क) अविभेद **(Non-discrimination)** : यो नीतिको कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(ख) सारभूत समानता : यो नीतिले लैससासका लागि सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई अंगीकार गर्दछ ।

(ग) समता : यस रणनीतिले असमान ब्यक्तिहरूबिच समता कायम गर्न असमान व्यवहार तथा सकारात्मक भेदभाव गर्नुपर्ने सिद्धान्तलाई स्वीकार्दछ ।

(घ) कोही पछाडि नछुटून् : यो नीति दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटून् भन्ने अवधारणामा आधारित छ ।

(ङ) कसैलाई हानि नपुऱ्याउने : यो नीतिले कसैलाई पनि हानि नोक्सानी वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(च) शून्य सहनशीलता : यो नीतिले लैङ्गिक शोषण, विभेद र हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गीकार गरेको छ ।

(छ) अर्थपूर्ण सहभागिता **(Meaningful participation)** : यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरु (महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत) को अर्थपूर्ण सहभागितालाई महत्व दिइने छ ।

(ज) साझेदारिता र सहकार्य **(Partnership and collaboration)** : यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरुको समन्वय, साझेदारिता र सहकार्यालाई महत्व दिनेछ ।

(झ) सकारात्मक सोच : यो नीति सकारात्मक सोच लिई परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

(ञ) बालबालिकाको सर्वोत्तम हित **(Best Interest of Children)** : यो नीतिले लैङ्गिक हिंसाको सम्बोधन गर्ने सवालहरुमा बालबालिकाको सर्वोत्तम हित र भलाईलाई सर्वोपरी राखिनेछ ।

(ट) सारभूत समानता **(Substantive Equality)** : यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानतालाई आत्मसात गर्नेछ ।

(ठ) गोपनीयताको अधिकार **(Rights to Privacy)** : यो हिंसाबाट प्रभावित व्यक्तिहरुको व्यक्तिगत गोपनीयताको अधिकारलाई पूर्ण ध्यान दिने छ ।

(ड) पुरुष तथा किशोरहरुको संलग्नता **(Men and Boys Engagement)** : यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा किशोरहरुको संलग्नता अपरिहार्य छ भन्ने मान्यता राख्नेछ ।

(ढ) पीडित प्रभावितको संरक्षण **(Protection of the Victims/Survivors)** : यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउन पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राख्नेछ ।

(ण) न्यायमा पहुँच **(Access to Justice)** : यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुका लागि न्यायमा पहुँचको सिद्धान्तलाई अंगीकार गर्नेछ ।

## परिच्छेद - दुई

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्थाहरु र प्रतिवद्धता २.१

### मानव अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु

मानव अधिकार आफैमा विश्वव्यापी र साझा विषय हो । तर पनि लामो समयदेखि वञ्चितीकरणमा रहेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा विभिन्न कारणले पछाडि पारेका नागरिकहरुले प्रभावकारी रुपमा अधिकारहरुको प्रयोग, उपभोग एवं दावी गर्न सकेका छैनन् । मानव अधिकारसँग सम्बन्धित अधिकांश दस्तावेजहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लैङ्गिक समानता तथा समावेशीकरणका अधिकारसँग सम्बन्धित भए तापनि विशेष गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९; बाल अधिकारसम्बन्धी महासन्धि, १९८९; द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, १९९१; अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६; सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५; र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं. १३२५ संयुक्त राष्ट्रसंघ महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं. १८२०, प्रस्ताव नं. १८८८, साथै अन्तर्राष्ट्रिय श्रम संगठनले जारी गरेका समान कामका लागि समान पारिश्रमिकसम्बन्धी महसन्धि, १९५१, (आइएओ महासन्धि १००) र रोजगार तथा व्यवसायमा हुने विभेदसम्बन्धी महासन्धि (आइएओ महासन्धि १११), आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ (नं. १६९) र निकृष्ट प्रकारको बालश्रम विरुद्ध महासन्धि, १९९९ (नं. १८२) प्रमुख हुन् । साथै महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षणको सम्बन्धमा सन् १९९४ मा कायरोमा भएको जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) र यसको कार्ययोजनालाई विशेष रुपमा लिन सकिन्छ । यस सम्मेलनले लैङ्गिक समानता, महिला सशक्तिकरण, प्रजनन स्वास्थ्य अधिकारलाई महिला मानव अधिकारको रुपमा स्थापित गरी राष्ट्रिय र विश्वव्यापी विकासको क्रममा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिएको छ । मातृ मृत्युदर घटाउने, शिशु र बाल मृत्युदर घटाउने, किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य अधिकार, प्रजनन स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने जस्ता महत्वपूर्ण विषयहरु ICPD कार्यान्वयनले विशेष प्राथमिकता दिएको छ । यसरी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय दस्तावेजहरु नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो

### २.२ महिला अधिकार बेइजिङ सम्मेलन

सन् १९९५ मा चौथौ अन्तर्राष्ट्रिय महिला सम्मेलन जसलाई बेइजिङ सम्मेलन पनि भनिन्छ । यस सम्मेलनले महिला अधिकारलाई मानव अधिकारका रुपमा मान्यता दिँदै लैङ्गिक समानताको प्रवर्धनमा १२ वटा मुख्य सवालसहित पास पारित गरेको बेइजिङ घोषणापत्र र कार्ययोजनाले लैङ्गिक समानता, महिला सशक्तिकरण, महिलाको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै प्रजनन स्वास्थ्य
र अधिकारमा प्राथमिकता महिला र गरिबी, महिला शिक्षा र तालिम, महिलाविरुद्धको हिंसा, महिला

र सशक्त सङ्घर्ष, महिला र अर्थतन्त्र, शक्ति र निर्णयमा महिलाको नेतृत्व, महिला र सञ्चार, महिला र वातावरण जस्ता सवाललाई समानता समावेशिता दिशामा मार्गनिर्देशन गरेको छ । बेइजिङ घोषणापत्रको ३० वर्ष पूरा भई सन् २०२५ मा कार्ययोजनाको पुनरावलोकनले विश्वभर महिला अधिकारका क्षेत्रमा भएका प्रगति र चुनौतीहरुको मूल्याङ्कन गरी सदस्य राष्ट्रहरुलाई सुधार गर्नुपर्ने क्षेत्रमा सझाएका छन् । यसरी प्रत्येक पाँच वर्षमा गर्ने पुनरावलोकनले स्थानीय सरकारले विकासको मुलधारमा सो सवालहरुलाई स्थानीयकरण गर्न कस्तो भूमिका निर्वाह गरेको छ भन्ने विषय पनि महत्वपूर्ण हुन्छ ।

## २.३ जाकार्टा सिद्धान्त

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार सम्बन्धमा सन् २००६ मा घोषणा गरेको जाकार्टा सिद्धान्तलाई प्रमुख रुपमा लिन सकिन्छ । त्यो पछि लैङ्गिक समानता भनेको महिला र पुरुषमा मात्र सीमित रहनु हुन्न भन्ने पक्षलाई संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्बाट विभिन्न समयमा पास गरेका प्रस्तावनाहरुले यौनिकताको आधारमा यी समुदायहरुमाथि भैरहेको हिंसा, भेदभाव, लाञ्छना तथा वञ्चितीकरणलाई निषेध गर्नुपर्ने कुरा पास गरेको छ । फलस्वरुप नेपालले पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकको आधारमा भेदभाव गर्न नहुने कुरा मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ ।

## २.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसघंको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उपलक्ष्यहरु पारित गरेको छ । यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका नागरिकहरु, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै, दलित, जनजाति, आदिवासीहरुको आवश्यक्ताहरुलाई समेट्ने उद्देश्य राखेको छ । लैङ्गिक समानतालाई व्यावहारिक रुपमा कायम राख्ने क्रममा दिगो विकास लक्ष्य नं.
४ र ५ लाई यस सवालसँग प्रत्यक्ष रुपमा जोडिएर हेर्न सकिन्छ । लक्ष्य ४ मा उल्लिखित समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र लक्ष्य नं. ५ मा लैङ्गिक समानता कायम गर्ने सम्बन्धी लक्ष्यहरु बढी सान्दर्भिक देखिन्छ । दिगो विकास लक्ष्यले केवल वञ्चितीकरणमा परेकाहरूको समावेशी गर्न मात्र नभई समावेशी संस्थाहरू तथा प्रणालीहरूको विकास र तिनको निरन्तरतालाई पनि उत्तिकै जोड दिएको छ । संयुक्त राष्ट्रसंघीय संकल्प ७०/१ 'हाम्रो विश्वको रूपान्तरण: दिगो विकासका लागि सन् २०३० को एजेण्डा' मा अति विपन्नता लगायत सबै खालका गरिबीको उन्मूलन र 'कोही पनि पछाडि नछुटून् (Leave No One Behind) भन्ने सिद्धान्तसहित विश्व समुदायमा समानता र समावेशिताद्वारा दिगो विकासलाई प्राथमिक्ता दिएको छ । चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समूहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ । यसलाई स्थानीयकरण गर्ने र आफ्ना योजना तथा बजेटले सम्बोधन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ
।

## २.५ मानव अधिकारका सिद्धान्तहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकारको महत्वपूर्ण पक्ष हो । कुनै पनि व्यक्तिलाई जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, क्षेत्र, आस्था, शारीरिक अवस्था, आर्थिक अवस्था, स्वास्थ्य स्थिति, वैवाहिक अवस्था आदिका आधारमा भेदभाव गर्न नहुने र राज्यले सबैलाई समान व्यवहार गर्नुपर्ने मानव अधिकारको प्रमुख पक्ष हो । लैङ्गिक समानता तथा समावेशीकरणको अवधारणा समाजमा व्याप्त लैङ्गिक तथा सामाजिक भेदभाव तथा हिंसालाई सम्बोधनका साथै मानव अधिकारको कार्यान्वयनको क्रममा आएको सैद्धान्तिक तथा व्यावहारिक रुपमा स्वीकरोक्ति विषय हो । माथि उल्लिखित मानव अधिकारसम्बन्धी हरेक दस्तावेजहरुले हरेक व्यक्तिको मानव अधिकारको सम्मान गर्नुपर्ने कुरा विवादरहित रुपमा स्वीकारेका छन् । मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व राज्यसँग रहन्छ, । मानव अधिकार कुनै पनि आधारमा भेदभाव नहुने भएको हुनाले यो सार्वभौम, अविभाज्य, अविच्छेद, विश्वव्यापकता, अहरणीय, अन्तरनिर्भर, समान र अविभेद एवं विवादरहित हुन्छ । त्यसैले मानव अधिकारको उपभोगमा लैङ्गिक तथा सामाजिक कारणले भेदभाव गर्न नहुने कुरा नै मानव अधिकारको प्रमुख सैद्धान्तिक पक्ष हो ।

## २.६ राष्ट्रिय कानूनी व्यवस्थाहरु

नेपालको संविधान, २०७२  लैससास न्यायिक समाज स्थापनाको लागि अपरिहार्य विषय हो भने नेपालको संविधानको आधारभूत शर्त तथा मान्यता पनि हो । वि.सं. २०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानको प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ। संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ । समानता तथा समतामूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको विकास गर्नुपर्ने कुरालाई स्वीकारेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० ले दलितको हक, धारा ४१ ले जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको व्यवस्था गर्नुका साथै धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वसमेतको व्यवस्था गरेको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयनका लागि राज्यका तीनै तहका सरकार संघीय, प्रदेश तथा स्थानीय सरकारहरुले लैङ्गिक समानता तथा समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ । संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले संविधानको अनुसूची ८ र ९ बमोजिमको सूचीअनुसार आवश्यक कानून वनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ ।

## २.७ अन्य कानूनी व्यवस्थाहरु

लैङ्गिक समानता र समावेशीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई आन्तरिकीकरण गर्ने क्रममा नेपाल सरकारले संविधान बाहेक धेरै कानूनहरुमा समावेश गरेको छ भने व्यावहारिक रुपमा कार्यान्वयन गर्ने कोसिस गरेको छ । जस्तै महिला विरुद्ध हुने विभिन्न प्रकारका लैङ्गिकतामा

आधारित हिंसालाई न्यूनीकरण गर्न मुलुकी अपराध संहिता, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी (कसुर तथा सजाय निर्धारण गर्ने) ऐन, २०७४; मुलुकी देवानी सहिंता, २०७४ लागु गरिएको छ भने यसैगरी अपराध पीडित संरक्षण ऐन, २०७५, कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन, २०७१, बालबालिकासम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागु भएका छन् । त्यसैगरी बोक्सी आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२; घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६७, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ आदिलाई प्रमुख कानूनी व्यवस्थाको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैङ्गिक समानता तथा समावेशीकरणलाई वहुपक्षीय दृष्टिकोणले अध्ययन गर्दा अपाङ्गतासम्बन्धी १० बर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, युवाको हकहितको संरक्षण र संवर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि राष्ट्रिय युवा परिषद ऐन २०७२, २०३० सम्म बाल विवाह उन्मूलन गर्ने लक्ष्यसहितको बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, महिला तथा बालबालिकाहरुको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, बिपद् जोखिम न्युनीकरण राष्ट्रिय कार्ययोजना २०१८-२०३० लाई पनि प्रमुख रुपमा लिन सकिन्छ भने सार्वजनिक क्षेत्रमा महिला तथा लक्षित समुदायको सहभागिताको लागि गरिएको निजामती सेवा ऐनदेखि विभिन्न सेवा ऐनहरुमा भएको परिमार्जनलाई पनि लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धमा सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

यसका अतिरिक्त मानव बेचविखन विशेष गरी बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४, श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५, वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७, मानव बेचविखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८, मानव बेचविखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मनोसामाजिक परामर्श निर्देशिका, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ लाई सरकारको प्रयासको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैङ्गिक समानता र समावेशीकरण नीतिलाई कार्यान्वयन गर्न लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक सम्पर्क व्यक्तिसहित विभिन्न शाखा तथा उपशाखाको स्थापना, कानूनी रुपमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, दलित आयोग, मधेशी आयोग, मुस्लिम आयोगहरुलाई संस्थागत विकासको सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । २.८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ । यसका अलावा नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । लैङ्गिक खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि वडासमितिको काम,

कर्तव्य र अधिकार रहेका छन् । योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्न भनिएको छ । महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नुपर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समय सीमा र प्रकृयासँग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) नगरपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने छ भनि उल्लेख गरेको छ ।

## २.९ राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

राज्यका तीन वटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक वजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री वनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको आवश्यकतालाई महसुस गरी नेपाल सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरेको छ । यस नीतिले सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने दीर्घकालीन सोच रहेको छ । लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति लिएको छ । राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को उद्देश्य प्राप्त गर्न संघ, प्रदेश तथा स्थानीय तहको भूमिका स्पष्ट गरी नीतिको प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना तयार गरेको छ ।

## २.१० सोह्रौ पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/२०८६)

योजनाले लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाजको प्रवर्धनका लागि छुट्टै योजनागत व्यवस्था गरेको छ । यस योजनामा लैङ्गिक समानता तथा समावेशीकरणलाई आन्तरिकीकरण मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने कुरा रुपान्तरित रणनीतिको रुपमा उल्लेख गरेको छ । लक्षितवर्ग समुदायलाई विशेष सरंक्षण गर्ने तथा उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने, हिंसा पीडितको उद्धार, राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरण प्रभावकारी वनाउने र न्याय प्रणालीलाई सुधार गर्ने साथै अपांगतामैत्री जीवनको लागि सहजीकरण गर्ने लगायतका धेरै नीतिगत योजनाहरु लिएका छन् ।

## २.११ लैससासमा मधेश प्रदेशको अवस्था र नीतिगत प्रयास

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६१,१४,६०० रहेको छ जसमा पुरुषको जनसंख्या ३०,६५,७५१ र महिलाको जनसंख्या ३,०,४८,८४९ (५० प्रतिशत) रहेको छ भने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको कुल संख्या ९१४०० रहेकोमा ५६.८ प्रतिशत पुरुष र ४३.२ प्रतिशत महिला रहको उल्लेख गरेको छ । यस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत रहेको छ । जसमध्ये महिलाको साक्षरता दर ५४.७ प्रतिशत मात्र रहेका छन् । ५३ प्रतिशत महिलाहरु २०

बर्षको उमेर पुग्दा विवाहित भैसकेका हुन्छन्। सन् २०२१ मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदन हाल ०.४१ स्तरमा छ जुन नेपालको राष्ट्रिय औसत ०.४९० भन्दा निकै कमजोर अवस्था छ र लैङ्गिक समानता सूचांकअनुसार नेपालका अन्य प्रदेशहरूका तुलनामा मुख्यत शिक्षा, स्वास्थ्य, र आयस्रोतका क्षेत्रमा पछाडि परेको देखिन्छ भने लैङ्गिक असमानताका हिसाबले मधेश प्रदेशले तुलनात्मक रूपमा धेरै चुनौती सामना गरिरहेको देखिन्छ। यसमा महिला सशक्तिकरण, शिक्षा, र स्वास्थ्य सेवा पहुँचको अभाव मुख्य कारण हुन्। विद्यालय बाहिर रहेका र विद्यालय छाड्ने बालबालिकाको संख्या उच्च हुनु पनि यस प्रदेशको प्रमुख चुनौती रहेको छ। त्यसैगरी लैङ्गिक समानताका दृष्टिले पनि मधेश प्रदेशको स्थिति चुनौतीपूर्ण छ। साक्षरता दर, विद्यालय शिक्षामा पहुँच र महिलाहरूको रोजगारमा सहभागिता जस्ता सूचकहरू राष्ट्रिय औसतभन्दा तल छन्। मधेश प्रदेशमा अहिले पनी मातृ मृत्युदर प्रति एक लाखमा १४० रहेको छ। ४० प्रतिशतले किशोरावस्थामा गर्भधारण गर्ने गरेको छ।[3] आर्थिक गरिबी दर २७.७ % छ भने बहुआयामिक गरिबी दर झन् उच्च ४७.९ प्रतिशत छ जसले महिलाको स्वास्थ्य, शिक्षा, र आधारभूत आवश्यकताहरूमा व्यापक अभाव रहेको संकेत गर्दछ।

उक्त तथ्यांकअनुसार मधेश प्रदेशका महिलाहरू घरायसी कार्य र पारिश्रमिक बिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको देखिन्छ। सामुदायिक सेवा र सहभागितामा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको स्थिति देखिन्छ। प्रदेशमा जातीय छुवाछुत सामाजिक कुसंस्कारको रूपमा रहेको छ भने महिलाको शिक्षामा न्यून पहुँच रहेको अवस्था छ।

संविधानद्वारा निर्देशित लैङ्गिक समानताका तथा सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्ने क्रममा मधेश प्रदेश सरकारले धेरै प्रयास गरेको देखिन्छ। प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९, बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना (२०७८/०७९-२०८८/२०८९), बाल संरक्षण तथा सशक्तिकरण ऐन, २०८१, दलित सशक्तिकरण ऐन २०७६,[4] प्रदेश बालअधिकारसम्बन्धी ऐन २०७७, बालमैत्री स्थानीय सुशासन कार्यान्वयन निर्देशिका, २०७८, जारी गरेको छ। त्यसैगरी मधेश प्रदेशको सरकारले विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबिचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले मुख्यमन्त्रीको संयोजकत्वमा बेटी

पढाऊ, बेटी बचाऊ अभियान, छोरी शैक्षिक बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ। प्रदेश प्रहरीसहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षणसहित दलित, मुस्लिम, जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ। प्रदेशको प्रथम आवधिक योजना आ.व. २०७६/७७ – २०८०/८१[5] तथा यस आर्थिक वर्षमा पास भएको दोस्रो आवधिक योजना आ.व. २०८१/८२ – २०८५/८६ जस्ता प्रयासलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ। “आत्मनिर्भर र समृद्ध मधेश सुखी मधेशी”

[3] NDHS Survey, 2022

[4] ऐनले निःशुल्क शिक्षा, रासन कार्डको व्यवस्था, सशक्तिकरणका कार्यक्रमका साथै समानुपातिक समावेशीको पालनाका लागि दलित सिटमध्ये ५० प्रतिशत दलित महिलाको लागि व्यवस्था गर्ने स्पष्ट उल्लेख गरेको छ।

[5] यो योजनाले लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने क्षेत्रगत सोच राखी विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य लिएको छ।

दिर्घकालीन सोच सहित पास भएको यस दोस्रो आवधिक योजनाले लैङ्गिक समानतासम्बन्धी नीतिगत, कानूनी र संस्थागत प्रवन्धको सुदृढीकरण गर्ने, लैङ्गिक समानतासम्बन्धी कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गरिने, लैङ्गिक उत्तरदायी वजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थनीय तहसम्म संस्थागत गरिने, महिला सशक्तिकरण सम्बन्धमा महिला हिंसा विरुद्ध कार्यक्रम चलाउने, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गरिने, दाईजो विना विवाह गर्ने परिवारलाई सम्मान गरिने, आर्थिक सामाजिक क्षेत्रमा विद्यमान लैङ्गिक विभेद कम गर्ने, महिला उद्यमशीलता विकास गर्ने, दलित एवं विपन्न महिलाहरुका लागि शिक्षा, व्यावसायिक तालिम र प्रजनन स्वास्थ्य सेवा निशुल्क र सुलभ हुने व्यवस्था मिलाईने, बालन्याय प्रणालीलाई सुदृद गरिने, बालमैत्री शासन प्रणाली प्रवर्धन गरिने, सीमान्तकृत तथा पिछडिएका समुदायका आधारभूत आवश्यकताहरु पूरा गर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सशक्तीकरण गर्ने र उनीहरुप्रतिको सामाजिक धारणा परिवर्तन गर्ने जस्ता योजनाहरु लैङ्गिक समानता तथा समावेशीकरणको सम्बन्धमा दोस्रो आवधिक योजनाको प्रमुख योजनाको रुपमा लिन सकिन्छ ।

साथै प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९लाई लैससासको क्षेत्रमा प्रदेशस्तरीय नीतिगत प्रयासको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ। यस नीतिको उद्देश्य लैङ्गिक समानता तथा सामाजिक रुपले समावेशी जवाफदेही शासनलाई संस्थागत गर्न प्रदेश सरकारका सबै तह र निकायहरुमा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने, सबै प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष विभेद र असमानताहरुको अन्त्य गर्ने, सबै वञ्चितीकरणमा परेका समूह तथा समुदायहरुको लागि सम्मानित ढंगले बाँच्ने वातावरणको सुनिश्चितता गर्ने, आर्थिक समृद्धि र दिगो विकासको सुनिश्चितता गर्ने, वञ्चितीकरणमा परेका समूहहरुको लागि स्रोत, साधन, अवसर तथा लाभहरुमा समान पहुँचको सुनिश्चितता गर्ने साथै वञ्चितीकरणमा र जोखिममा रहेका समुदायहरु विरुद्धको सबै प्रकारका हिँसाको अन्त्य गर्ने जस्ता धेरै व्यवस्थाहरु गरेको छ ।

## २.१२ प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९

प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९ लाई लैससासको क्षेत्रमा प्रदेशस्तरीय नीतिगत प्रयासको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ। यस नीतिको उद्देश्य लैङ्गिक समानता तथा सामाजिक रुपले समावेशी जवाफदेही शासनलाई संस्थागत गर्न प्रदेश सरकारका सबै तह र निकायहरुमा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता

---

गर्ने, सबै प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष विभेद र असमानताहरुको अन्त्य गर्ने, सबै वञ्चितीकरणमा परेका समूह तथा समुदायहरुको लागि सम्मानित ढंगले बाँच्ने वातावरणको सुनिश्चितता गर्ने, आर्थिक समृद्धि र दिगो विकासको सुनिश्चितता गर्ने, वञ्चितीकरणमा परेका समूहहरुको लागि स्रोत, साधन, अवसर तथा लाभहरुमा समान पहुँचको सुनिश्चितता गर्ने साथै वञ्चितीकरणमा र जोखिममा रहेका समुदायहरु विरुद्धको सबै प्रकारका हिँसाको अन्त्य गर्ने जस्ता धेरै व्यवस्थाहरु गरेको छ । प्रदेशस्तरीय सारभूत लैङ्गिक समानताका प्रमुख नीतिहरु देहाय अनुसार रहेको छ । नीति १ः लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरिनेछ ।  नीति २ः प्रदेश सरकारको हरेक तह र निकायमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

नीति ३: प्रत्यक्ष तथा अप्रत्य रुपमा हुने सबै प्रकारका लैङ्गिक विभेद र असमानताको अन्त्य गरी सबै महिलाको सम्मानपूर्वक बाँच्न पाउने र जीवनयापनको वाताबरण सुनिश्चित गरिनेछ

नीति ४: आर्थिक समृद्धि र दिगो विकासका लागि स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गरिनेछ। नीति ५: महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ।

## परिच्छेद - तीन

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८३

३.१ प्रस्तावना लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समाज तथा देशको दिगो विकासको प्रमुख आधार हो भने वञ्चितीकरणमा रहेका समुदायलाई नीति निर्माणको तह देखि राष्ट्रको हरेक क्षेत्रमा बिना भेदभाव समान अवसर, सहभागिता, पहुँच पुऱ्याई लाभान्वित वर्गको रुपमा परिणत गर्नुनै संघीय गणतन्त्र नेपालको मुख्य ध्येय हो र यस सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा नेपालले प्रतिवद्धता जनाएको पनि छ । प्रतिवद्धताको पूरा संघीय सरकारको प्रयासका साथ स्थानीय सरकारले यसको अपनत्व ग्रहण गरेर मात्र सम्भव हुन्छ ।

नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, प्रतिवद्धता तथा संवैधानिक दायित्व अनुरुप लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्तका आधारमा न्यायिक समाजको निर्माण गर्न यस जनकपुरधाम उपमहानगरपालिकाले “जनकपुरधाम उप-महानगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८३” मिति २०८३।०३।२१ मा पास गरी जारी गरेको छ ।

३.२ दीर्घकालीन सोच लैङ्गिक समानता तथा समावेशीकरण सहितको न्यायिक र समृद्ध जनकपुरधाम उप-महानगरपालिका

३.३ दीर्घकालीन लक्ष्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणालाई नीतिगत तथा व्यवहारमा संस्थागत गर्ने

३.४ उद्देश्यहरु

१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तलाइ आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने,

२) लैससास उत्तरदायी तथा जवाफदेहि उप-महानगरपालिका बनाउने ।

३) उप-महानगरपालिकाबाट उपलब्ध गराइने सार्वजनिक स्रोत, साधन तथा सेवामा महिला तथा लक्षित वर्गको पहुँच र नियन्त्रणको अवस्था बढाउन सशक्तिकरण गर्ने ।

४) महिला, लक्षितवर्ग तथा विपन्न वर्ग लगायत उप-महानगरपालिकाका सम्पूर्ण नागरिकहरुको मानव अधिकारको संरक्षण तथा सम्बर्धनका लागि आवश्कक नीतिनियमहरु तर्जुमा गर्ने

५) समाजमा विद्यमान लैङ्गिक तथा जातीय विभेद र सो आधारमा हुने हिंसा तथा अन्य हानिकारक परम्परा र अभ्यासको अन्त्य गर्ने ।

३.५ संक्षिप्त नाम र परिभाषा

विषय वा प्रसगंले अर्को अर्थ नलागेमा देहायका अर्थ भन्नाले

| | |
|---|---|
| नीतिः | जनकपुरधाम उप-महानगरपालिको "लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८३" लाई जनाउँदछ । |
| लिङ्गः | "लिङ्ग" भन्नाले जन्मदाकै अवस्थामा जैविक आधारमा (जनेन्द्रिय) महिला, पुरुष वा अन्य फरक लिङ्ग भनि थाहा पाउने प्राकृतिक पहिचान |
| लैङ्गिकताः | लैङ्गिकता भन्नाले लिङ्गको आधारमा महिला, पुरुष तथा अन्य फरक लिङ्गहरुको लागि समाजबाट निर्धारित पहिचान, मूल्य, मान्यता तथा भूमिकाहरुलाई जनाउँदछ । |
| अन्तरविविधता **(Intersectionality):** | कुनै एक व्यक्तिले लिङ्ग, जातजाति, वर्ग र अन्य धेरै तत्वका आधारमा कसरी दमनको सामना गर्नुपर्दछ भन्ने बारे विश्लेषण गर्ने अवधारणा, सामाजिक पहिचान एवं दमन, शोषण वा विभेदजन्य प्रणालीका कारण सीमान्तकृत व्यक्तिहरुको बारेमा बुझ्ने आधारलाई जनाउँदछ । |
| लैङ्गिक खण्डीकृत तथ्याङ्क | लैङ्गिकताको आधारमा (महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक) संख्या, आर्थिक सामाजिक शैक्षिक तथा अन्य विषयमा छुट्टाछुट्टै तथ्यांकहरु संकलन गर्ने तथा व्यवस्थित गर्ने । |
| बहुविभेद **(Multiple Discrimination)** | लिङ्ग, वर्ण, जातजाति, धर्म वा आस्था, अपाङ्गता, उमेर, यौनिक रुझान वा अन्य विशेषताहरुमध्ये केही वा सबैका आधारमा गरिने भेदभाव |
| लैङ्गिक समता | लिङ्गको आधारमा महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको फरक आवश्यकताको आधारमा स्वच्छ निष्पक्ष र न्यायिक व्यवहार तथा लैङ्गिक समानता कायम गर्नको लागि गरिने न्यायिक व्यवहार तथा नीतिगत पहलहरु । |
| लैङ्गिक समानता | महिला, पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच निजी तथा सार्वजनिक जीवनमा मानव अधिकारको उपयोग, योगदान, पहुँच तथा लाभमा समान अवस्था र अवसर । |
| लैङ्गिक मूलप्रवाहीकरण | विकास तथा न्यायको पद्धतिमा महिला, गरिब तथा वञ्चितीकरणमा पारिएका व्यक्तिहरुको विषय तथा व्यवधानलाई मूलप्रवाहमा राखी कार्य गर्ने वा सो प्रकृयामा लैङ्गिक समानतालाई के कसरी अवलम्बन गर्ने वा मूलधारमा राख्ने भनि सुनिश्चित गर्ने रणानीति हो । |

| | |
|---|---|
| लैङ्गिक आवश्यकता | लैङ्गिकताको अनुभवको आधारमा महिला र पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकले प्राथमिकता दिएको र व्यक्त गरेका आवश्यकताहरु |

| | |
|---|---|
| लैङ्गिक योजना | लैङ्गिक संवेदनशील नीति कार्यान्वयन गर्न गरिने प्राविधिक र राजनीतिक प्रकृया र कार्यविधि । |
| लैङ्गिक सम्बन्ध | महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच प्रभुत्व वा अधीनस्थता जनाउने श्रेणीवद्ध शक्ति सम्बन्ध । |
| लैङ्गिक तालिम | लैङ्गिक समानताका लागि लैङ्गिक मुद्दामा व्यक्तिगत वा संस्थागत चेतना तथा क्षमता अभिवृद्धि । |
| लैङ्गिक हिंसा | लैङ्गिकताका आधारमा शारीरिक, मानसिक, आर्थिक, सांस्कृतिक, यौनजन्य तथा प्रजनन स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने काम वा धम्की । |
| पितृसत्ता | पुरुषबाट समाज निर्देशित हुनुपर्छ र महिला पुरुषको अधीनस्थ हो भन्ने मान्यता नै पितृसत्ता हो । पुरुष प्राथमिकीकरण मूल्य मान्यता र विश्वास । |
| पितृसत्तात्मक संरचना | पुरुषको महिलामाथिको शारीरिक, सामाजिक र आर्थिक प्रभुत्व रहने गरी पद्धतिगत रुपमा संस्थागत गरिएको व्यवस्था । |
| लैङ्गिक भेदभाव | लिङ्गको आधारमा अर्थात किशोर किशोरी, महिला पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आधारमा गरिने भेदभावपूर्ण सोच, व्यवहार, मूल्य मान्यता र कानूनी व्यवस्था । |
| लैङ्गिक श्रम विभाजन | समाजद्वारा निर्धारित मान्यताका आधारमा महिला र पुरुषका लागि कुन काम गर्न ठिक वा बेठिक भनि गरिने निर्धारण । |
| लैङ्गिक तटस्थ | विद्यमान लैङ्गिक असमानतालाई निरन्तरता दिने । |
| लैङ्गिक संवेदनशील | विद्यमान लैङ्गिक असमानतालाई सम्वोधन गर्न आवश्यक लैङ्गिकमैत्री वाताबरण, बोलीचाली, व्यवहार, स्रोत सामग्री, नीति नियम, सेवा सुविधा, सूचना प्रवाह आदि । |
| लैङ्गिक रुपान्तरण | महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको विद्यमान लैङ्गिक भूमिका र सम्बन्धलाई पुनःपरिभाषित गर्ने । |
| लैङ्गिक उत्तरदायी बजेट | लैङ्गिक समानता र आर्थिक उन्नतिका लागि विकास र लगानीमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन छुट्याउने बजेट । |
| समावेशिता | शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रकृयामा जनताहरुको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति । |

| | |
|---|---|
| लैङ्गिक समानता तथा सामाजिक समावेशी करण: | लैङ्गिक तथा समाजमा रहेका विभिन्न जातजाति आर्थिक तथा सामाजिक अवस्थाको आधारमा सबैलाई समाज तथा निर्णायक तह तथा प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि गरिने सकारात्मक प्रयास तथा पहलहरु । |
| वहिष्कृत समूह | लामो समयदेखि प्रणालीगत रुपमा विभिन्न कारणले बञ्चितीकरणमा पारेका समुदायहरु । |
| पीडित समूह | परिस्थितिगत रुपमा पछाडि परेका वा पछाडि पर्ने सम्भावना भएका समूह |
| लैङ्गिकता प्रभाव विश्लेषण तथा मूल्याङ्कन | महिला तथा पुरुषहरुमा फाइदाजनक प्रभाव परेको छ छैन सो को सुनिश्चित गर्न यसले नीति तथा अभ्यासहरुको विश्लेषण तथा मूल्याङ्कन गर्न । |
| लैङ्गिक तथा समावेशी संवेदनशील | महिला, गरिब तथा वहिष्कृत वर्गलाई क्षेत्रीय स्रोत तथा अवसरहरुमा पहुँचको सुनिश्चितता गर्न महिला, पुरुष तथा यौनिक अल्पसंख्यकहरुको विभिन्न आवश्यकता, असमान शक्ति सम्बन्ध तथा असमानतालाई सम्वोधन गर्नु । |
| लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु | कार्यालयमा लैङ्गिकता समानता तथा सामाजिक समावेशीकरण विषयमा काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति । |
| लैङ्गिक संवेदनशील अनुगमन तथा मूल्याङ्कन | लैङ्गिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्ने आधार नै GESI संवेदनशील अनुगमन तथा मूल्याङ्कन । |
| महिला सशक्तिकरण | महिला सशक्तिकरण भनेको महिलालाई आफुहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानूनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरी गलत र सही छुत्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान वनाउने प्रक्रिया । |
| सकारात्मक विभेद<br><br>लक्षित वर्ग : | फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था ।<br><br>सीमान्तकृत किसान, तराई दलित, विपन्न वर्ग, सुकुम्बासी, घरेलु हिंसा पीडित महिला, विद्यालय नजाने बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक |

## ३.६ लैससास नीति तथा रणनीतिहरु

यस उपमहानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीसहितको न्यायिक र समृद्ध जनकपुरधाम उपमहानगरपालिकाको सोच अनुसार लैससास अवधारणालाई नीतिगत तथा व्यवहारमा हासिल गर्न देहाय अनुसार लैससास नीति तथ रणनीतिहरु तय गरिएको छ ।

नीति १: योजना तर्जुमा, कार्यक्रम निर्माण र बजेट तर्जुमा गर्दा लैससास मूलप्रवाहीकरण गर्ने

रणनीति १ लैससास रणनीति प्रभावकारी कार्यन्वयनका लागि आवश्यक नीति नियम, कार्ययोजना तथा मापदण्डहरु निर्माण गर्ने

रणनीति २ लैङ्गिक हिंसाको अन्त्य गरी लैङ्गिक समानता तथा न्यायको सुनिश्चितता गर्ने

रणनीति ३ बालअधिकार तथा संरक्षणका बालमैली स्थानीय शासन विकास गर्ने

रणनीति ४ उपमहानगरपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैससास अवधारणाअनुरुप गुणस्तरीयता कायम गर्न आवश्यक कार्यक्रम, कार्यविधि तथा मापदण्ड वनाउने

रणनीति ५ लैङ्गिक उत्तरदायी बजेट संस्थागत गर्ने

नीति २ : लैससास प्रणालीको स्थापना तथा सवलीकरण गर्ने

रणनीति १ उपमहानगरपालिका तथा वडास्तरीय सैससास सम्बोधन संरचना स्थापना गर्ने

रणनीति २ पालिका अन्तर्गत तथा पालिकाभित्रका अन्य संरचनाहरु लैससासमैत्री वनाउन

रणनीति ३ लैससास सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गरी सूचनाको हकको सुनिश्चित गर्ने

रणनीति ४ लैससास शाखाको क्षमता अभिवृद्धि गर्ने

रणनीति ५ शिक्षा तथा प्रजनन स्वास्थ्य सेवाका लागि लैससासमैत्री भवनहरु निर्माण गर्ने

नीति ३: महिला तथा लक्षितवर्गको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य सशक्तिकरणको प्रवर्द्धन गर्ने र लैङ्गिक हिँसा उन्मूलन गर्ने

रणनीति १ महिलाहरुको आर्थिक प्रवर्द्धनका लागि गैरपारम्परिक भूमिकालाई प्रोत्साहन गर्ने

रणनीति २ वैदेशिक रोजगारबाट सृजित पारिवारिक विचलनलाई रोक्न युवा स्वरोजगारलाई प्रोत्साहन गर्ने

रणनीति ३ अनौपचारिक क्षेत्रको श्रमिक सुरक्षित र मर्यादित श्रम अधिकार तथा सामाजिक सुरक्षाको सुनिश्चिता गर्ने

पेज नं.

रणनीति ४ मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु स्थानीयकरण गर्न योजनागत कार्यक्रमहरु सञ्चालन गर्ने ।

रणनीति ५ समाजमा विद्यमान पितृसतात्मक सोच, हानिकारक सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासको अन्त्य गर्ने ।

रणनीति ६ महिला तथा लक्षित वर्गहरुको, स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य सुधारका लागि नीतिगत तथा कार्यगत प्रयासहरु गर्ने ।

रणनीति ७ सबैको लागि शिक्षा भन्ने नारा सति शिक्षाको पहुँच वृद्धिका लागि प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

नीति ४ आधारभूत सेवामा लक्षित समूहहरुको पहुँच सुनिश्चित गर्ने ।

रणनीति १ उपमहानगरपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र विकासका कार्यक्रमहरुमा किशोरी, महिला तथा अन्य सबै लक्षित वर्गको पहुँच बृद्धि गर्ने ।

रणनीति २ आधारभूत सेवाको पहुँच सुनिश्चितताको लागि सहजीकरण गर्ने

रणनीति ३. अपाङ्गता भएका व्यक्तिहरुको आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको सुनिश्चितता गर्ने

रणनीति ४ उपमहानगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्ने

नीति ५ न्यायमा पहुँच वृद्धिका लागि संस्थागत संयन्त्रहरुको सुदृढीकरण गर्ने ।

रणनीति १ न्यायिक समिति र सेवाको क्षमता अविवृद्धि गर्ने

रणनीति २ लक्षित वर्ग तथा समुदायको लागि स्वच्छ निष्पक्ष न्यायमा पहुँचको सुनिश्चितता गर्ने

रणनीति ३ कानूनी सचेत समुदायको निर्माण गर्ने

रणनीति ४ लैङ्गिक खण्डीकृत तथ्याङ्क तथा लैङ्गिक सूचना व्यवस्थापन गर्ने

रणनीति ५ समन्वय, सहकार्य तथा सम्प्रेषण

## परिच्छेद – चार

## लैससास नीति तथा कार्ययोजना कार्यान्वयार्थ संस्थागत संरचना

यस नीतिमा भएका प्रावधानलाई प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न, कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गर्न, नीति तथा कार्ययोजनाको पुनरावलोकन तथा समयसापेक्ष संशोधनका साथै प्रभावकारी कार्यान्वयनका लागि देहायका समिति, उपसमिति, शाखा तथा उपशाखाहरुको व्यवस्था गरेको छ ।

| उप महानगरपालिका स्तर | वडा स्तर | समुदाय स्तर |
|---|---|---|
| उपमहानगरपालिका उपमेयरको संयोजकत्वमा लैससास नीति तथा कार्ययोजना अनुगमन तथा मूल्यांकन समिति<br>• लैससास सम्पर्क व्यक्तिसहित उप महानगरपालिका लैससास शाखा | • महिला (दलित तथा मुस्लिम) वडा सदस्यको संयोजकत्वमा वडास्तरीय लैससास नीति तथा कार्ययोजना अनुगमन तथा परामर्श समिति<br>• लैससास सम्पर्क व्यक्तिसहित वडास्तरीय लैससास उपशाखा | • महिला समूहहरु<br>• बाल क्लब/सञ्जाल<br>• पुरुष तथा युवा समूह वा क्लब<br>• किशोर किशोरी दुर्व्यशन मुक्ति समूह<br>• लैङ्गिक हिसा उन्मूलन समुह<br>• धर्मगुरु धामी झाक्री समूह<br>• विद्यालय परिवार<br>• अपाङ्गता संस्थाहरु<br>• दलित, आदिवासी जनजाति, मुस्लिम, लोपन्मुख, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी संस्थाहरु<br>• महिला ऋण तथा वचत समूह<br>• महिला सहकारी संस्थाहरु<br>• उपभोक्ता समितिहरु |

### ४.१ पालिकास्तरिय अनुगमन तथा मूल्याङ्कन समिति

यस समितिमा देहायका ९ सदस्यहरु रहने छन ।

क) उपमहानगरपालिका उपप्रमुख — संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग) सामाजिक विकास शाखा प्रमुख — सदस्य

घ) कार्यपालिकाका सदस्यहरुमध्येवाट संयोजकले तोकेका कम्तीमा १ जना महिलासहित — २ जना सदस्य

ङ) गै.स.स. मध्येवाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका कम्तीमा १ जना महिला र १ जना अपाङ्गता भएका व्यक्ति सहित — ३ जना सदस्य

च) योजना शाखा प्रमुख — सदस्य सचिव

### ४.२ पालिकास्तरिय अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी

यस समितिको देहाय अनुसार जिम्मेवारी हुनेछ ।

अ) यस उपमहानगरपालिकाको ऐन, कानूत, नीति, आवाधिक योजना, विषयगत योजना, पार्श्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजको लैससासको अवधारणाबाट पुनरावलोकन लैससास अनुरुप बनाउन आवश्यक संशोधन तथा परिमार्जनको लागि प्राविधिक सहयोग गर्न,

आ) यस उपमहानगरपालिकाको योजना तथा वजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

इ) यस उपमहानगरपालिकाको खण्डीकृत तथ्यांकको संकलन गर्न, व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ई) उपमहानगरपालिकाको नीति तथा योजनाहरु कार्यान्वयनसम्बन्धी अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

उ) उपमहानगरपालिकाको कार्यक्रम तथा वजेटको लैङ्गिक लेखाजोखा तथा परीक्षण गर्न नेतृत्वदायी भूमिका निभाउने,

ऊ) यस उपमहानगरपालिकाको कार्यक्रम तथा कार्यक्रम अनुगमन तथा मूल्यांकन लैङ्गिकमैत्री वनाउन र महिला नेतृत्व विकास गर्न आवश्यक पहल तथा समन्वय गर्ने,

ए) यस उपमहानगरपालिकाको नीति नियम, योजना, कार्यक्रमहरु लैससास अनुरुप बनाउन सम्बन्धित विषय विज्ञ तथा स्थानीय गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

ऐ) उपमहानगरपालिकाको वजेट वाँडफाँट, खर्चको लेखाजोखा, अनुगमन तथा मूल्यांकन प्रणाली विकास गर्ने

झ) यस उपमहानगरपालिकाको लैससाससम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने, ओ) लैससास नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

**४.३ वडास्तरिय अनुगमन तथा मूल्याङ्कन उपसमिति** पालिकाको प्रत्येक वडास्तरमा देहायबमोजिमका उपसमिति गठन गरिने छ । सो उपसमितिमार्फत लैससाससम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सुनिश्चितता गर्नेछ ।

| | |
|---|---|
| क) महिला सदस्य | संयोजक |
| ख) वडा सदस्यहरु (सिमान्तकृत) | सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |

घ) महिला तथा लक्षित वर्गको क्षेत्रमा काम गर्ने संस्थाबाट

महिला सहित                                        २ जना

४.४ वडास्तरिय अनुगमन तथा मूल्याङ्कन उपसमितिको जिम्मेवारी यस उपसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) यस उपमहानगरपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु तथा सबै प्रकारका नीति नियम तथा योजनाहरु स्थानीय तहका समुदाय र नागरिक समाजसँग छलफल गरी लैससाससम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

ख) यस उपमहानगरपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ग) वडा तहको खण्डिकृत तथ्यांकको संकलन गर्न र समयानुकूल अद्यावधिक गर्न स्थानीय तहबाट आवश्यक सहयोग गर्ने,

घ) उपमहानगरपालिकाको कार्यक्रमहरुमा वडास्तरबाट आवश्यकतानुसार सूचना सम्प्रेषण गर्ने र कार्यक्रममा समानुपातिक सहभागिताका लागि सहजीकरण गर्ने,

ङ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन तथा मूल्यांकन गर्ने गराउने र लैससास लेखाजोखा गर्न सहयोग गर्ने, च) पालिकाबाट सञ्चालन गर्ने महिला नेतृत्व विकास कार्यक्रममा उपयुक्त सहभागी छनौट तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक सहयोग तथा सहकार्य गर्ने,

छ) यी माथि उल्लिखित कार्यहरु गर्न गराउन अनुगमन तथा समन्वय समितिले चाहेको बेलामा आवश्यकतानुसार सहयोग तथा सहकार्य गर्ने,

ज) समितिको वैठकः पालिकास्तरीय अनुगमन तथा समन्वय समितिको वैठक प्रत्येक त्रैमासिक रुपमा बस्नेछ र वडास्तरीय सहसमितिको वैठक प्रत्येक चौमासिक रुपमा बस्नेछ । आवश्यकतानुसार समितिको बैठक जुनसुकै वेला पनि बस्न सक्नेछ ।

४.५ लैससास नीति तथा विस्तृत कार्ययोजना कार्यान्वयन शाखा  लैससास हेर्ने शाखा प्रमुखको संयोजकत्वमा लैससास नीति तथा कार्ययोजनाको कार्यान्वयनका लागि पालिकास्तरीय लैससास शाखा र वडामा लैससास सम्पर्क व्यक्तिको संयोजकत्वमा वडास्तरीय लैससास उपशाखाको स्थापना गरिनेछ । सो शाखामा आवश्यकता अनुसारको कर्मचारीहरु भर्ना गरिने छ ।

४.६ पालिकास्तरीय लैससास शाखाको काम कर्तव्य र अधिकार

१. लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

२. नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशित दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने ।

३. लैससास रणनीति अनुरुप लैङ्गिक तथा सामाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।

४. योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने ।

५. लैससास सम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने ।

६. लैससास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

७. लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

८. उल्लिखित कार्यहरु गर्न कार्य योजना र बजेटसहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

## ४.७ वडास्तरीय लैससास उपशाखाको काम कर्तव्य र अधिकार

यस उपशाखाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

१. नगरपालिकाको लैससास शाखाले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

२. नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृयादेखि कार्यान्वयन र अनुगमनको चरणसम्म समुदायका विपन्न वर्ग तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

३. नगरपालिकाको वडातहको लैससास सम्बन्धी खण्डीकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न सहयोग गर्ने ।

४. शाखाको निर्देशनअनुसार लैससास सम्बन्धी वडास्तरीय कार्यक्रमहरु सञ्चालन गर्ने र गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

५. नगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने ।

५. नगरपालिकाको वडास्तरमा लैससास सम्बन्धी क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

## परिच्छेद–पाँच

### लैससास नीति तथा कार्ययोजना कार्यान्वयन

**५.१ नीतिको कार्यान्वयन** यस उपमहागरपालिकाबाट पास भएको मितिबाट यो नीति तथा कार्ययोजना कार्यान्वयन हुनेछ । यो नीति उपमहानगरपालिकाबाट तर्जुमा गर्ने कानून नीति नियम तथा अन्य योजना र बजेटका साथै कार्यक्रमहरुमा लैससास मूलप्रवाहीकरणका लागि मार्गनिर्देशनको रुपमा लागु हुनेछ । नीति प्रभावकारी रुपमा कार्यान्वयनका लागि तत्काल विस्तृत कार्ययोजना तयार गरी लागु गरिएको छ ।

**५.२ आर्थिक स्रोत**

यस लैससास नीति तथा कार्ययोजना कार्यान्वयनका लागि लागि आवश्यक स्रोत साधनसहित वार्षिक रुपमा छुट्टै वजेटको व्यवस्था गर्नेछ । उपमहानगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा लैससास नीतिलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्नेछ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैससास विज्ञको आपूर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्नेछ । लैससास नीति कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

**५.३ मानवीय स्रोत**

यस लैससास नीति तथा कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार उपमहानगरपालिकास्तरीय लैससास कार्यान्वयन शाखा हुनेछ । यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ । उपमहानगरपालिकाले नीति कार्यान्वयनको लागि आवश्यकताअनुसार जनशक्तिको विकास गरी जिम्मेवार बनाउने छ । लैससास नीतिको दैनिक कार्यान्वयनको लागि पालिकास्तरीय लैससास शाखा र वडास्तरीय उपशाखाको स्थापना गरी सो अनुसार कर्मचारीको व्यवस्था गर्नेछ ।

**५.४ नीतिको पुनरावलोकन तथा सुधार** यस नीति आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक वर्षमा नीतिको पुनरावलोकन गर्नेछ । यसरी पुनरावलोकन पालिकास्तरीय लैससास शाखा आफै वा विशेषज्ञ नियुक्ति गरी गर्न सक्नेछ । शाखाले आवश्यक ठानेमा जुनसुकै वेला पनि पुनरालोकन गर्न सक्नेछ । पुनरावलोकन तथा सुधार गर्दा यस नीतिको सिद्धान्त विपरित गर्न पाइने छैन ।

**५.५ खारेजी तथा बचाउ** यस नीतिमा उल्लिखित व्यवस्थाहरु प्रचलित कानूनसँग बाँझिएमा

बाझिएको हदसम्म खारेज हुनेछ ।

## परिच्छेद–छ

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८३ कार्यान्वयनको लागि पाँच वर्षे विस्तृत कार्ययोजना

६.१ पाँच वर्षे बिस्तृत कार्ययोजना जनकपुरधाम उपमहानगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८३ लाई व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी लैङ्गिक समानता तथा समाजिक समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्न विस्तृत कार्यायोजना आवश्यक भएको हुनाले जनकपुरधाम उप-महानगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८३ कार्यान्वयनको लागि पाँच वर्षे विस्तृत कार्ययोजना तर्जुमा गरी जारी गरको छ ।

६.२ बिस्तृत कार्ययोजनाको उद्देश्य, औचित्यता र विधि तथा तयारी प्रक्रिया उद्देश्य : लैससास नीति २०८३ को कार्यान्वयनको बिस्तृत कार्ययोजना तयार गर्नुको प्रमुख उद्देश्य नीति अनुरुप लैङ्गिक समानता तथा समाजिक समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्नु हो ।

औचित्यता : लैससास नीति कार्यान्वयनको पाँच वर्षे बिस्तृत कार्ययोजनाको औचित्यता देहायअनुसार रहेको छ क) नीतिको प्रभावकारी, व्यवस्थित, निरन्तर तथा योजनावद्ध रुपमा कार्यान्वयन गर्नुका साथै कार्यान्वयनमा एकरुपता कायम गर्न,

ख) लैससास नीतिले लैससास कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिँदै लैससास उत्तरदायी बजेट तथा योजना विस्तारित गर्न,

ग) कार्यान्वन प्रक्रिया बढि सहभागितामूलक बनाउन, सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन, सेवा प्रवाहलाई लैङ्गिक, समावेशी र बिपन्न एव लक्षित वर्गप्रति बढी जवाफदेही बनाउन,

घ) कार्यक्रम विषयान्तर हुनबाट बचाउन र लक्षित वर्ग तथा समुदायको आवश्यकता अनुरुप सही समयमा सही कार्यक्रम सही विधिवाट सञ्चालन गर्न मार्गदर्शनको रुपमा प्रयोग गर्न,

ङ) सेवा तथा उत्पादनमूलक कार्यमा लैङ्गिक मूलप्रवाहीकरण गर्न विभिन्न सकारात्मक उपायका व्यवस्था गर्न र क्रियाकलापमा दोहोरपन हुन बाट बचाउन कार्यक्रमअनुसार वजेट विनियोजन गर्न सहजीकरण गर्न, च) कार्यक्रमको प्रगति अनुगमन तथा विश्लेषण गर्न र स्रोत साधनको सही सदुपयोग गर्न ।

६.३ कार्ययोजना तयारी विधि तथा प्रक्रिया यो लैससास नीति २०८३ को कार्यान्वयनको लागि बिस्तृत कार्ययोजना तयार गर्ने क्रममा यस उपमहानगरपालिकाको पदाधिकारी, कर्मचारी तथा सरोकारवाला निकायहरुको सल्लाह सुझाव अनुसार सहभागितामूलक विधि अपनाई देहायका प्रक्रियाद्धारा सूचना तथा जानकारी संकलन गर्ने काम गरेको थियो ।

कानूनी दस्तावेज तथा प्रतिवेदनहरुको अध्ययन विश्लेषण : कार्ययोजना तयार गर्नु भन्दा अगाडि मानब अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, नेपालको संविधान, संघीय तथा प्रदेश सरकारबाट निर्मित विभिन्न नीति नियम तथा कार्यक्रमहरुका साथै स्थानीय सरकारबाट निर्मित नीति नियम र वार्षिक कार्यक्रमहरुको प्रतिवेदन, वार्षिक नीति कार्यक्रम तथा वजेटको अध्ययन गरी लैससासको अवधारणाबाट विश्लेषण गरेको थियो ।

पूर्व परामर्श वैठकः नीति नियम तथा कार्यक्रमको प्रतिवेदन अध्ययनको आधारमा केन्द्रित भई प्रश्नावलीहरु तयारगरी प्रत्येक पालिकाका जनप्रतिनिधिहरु, कर्मचारीका साथै पालिकामा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधि, शिक्षक लगायत विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा पूर्व परामर्श वैठक बसेको थियो । उक्त परामर्श वैठकमा पालिकमा विद्यमान लैससास सम्बन्धी समस्या, सम्बोधन गर्नुपर्ने विषयवस्तु, चुनौती तथा अवसरको बारेमा छलफल भएको थियो । लैससास रणनीति कार्यान्वयन विस्तृत कार्ययोजनाको महत्व, उद्देश्य तथा समावेश गर्नुपर्ने क्रियाकलापहरुको बारेमा विस्तृत रुपमा छलफल गरी कार्ययोजना कस्तो हुनुपर्छ भन्ने बारेमा धारणा तथा सुझावसमेत संकलन गरेको थियो ।

बिस्तृत कार्ययोजनाको मस्यौदा तयारीः कानूनी दस्तावेजहरुको अध्ययन र पूर्व परामर्श वैठकका साथै प्रमुख प्रशासकीय अधिकृत तथा लैङ्गिक सम्पर्क व्यक्ति र अन्य सरोकारवालाहरुसँग गरिएको छलफलबाट आएको सुझावको आधारमा मस्यौदा कार्ययोजना तयारगरी उपमहानगरपालिकाको पदाधिकारी तथा सरोकारवालाहरुलाई अध्ययनको लागि उपलब्ध गराएको थियो ।

मस्यौदा कार्ययोजनाको प्रस्तुति, छलफल र पृष्ठपोषण संकलन : मस्यौदा कार्ययोजनाको तयारी पश्चात पुनः कार्ययोजना प्रस्तुतिको लागि परामर्श गोष्ठीको आयोजना गरेको थियो । मस्यौदा कार्ययोजनाको तयारी गर्ने परामर्शदाताहरुबाट कार्ययोजना विस्तृत रुपमा प्रस्तुत गरे पश्चात् सहभागीहरुबिच व्यापक रुपमा छलफल भई थप सुधार तथा परिमार्जन गर्नुपर्ने विषयमा बुँदागत रुपमा सुझावहरु उपलब्ध गराएको थियो । उपलब्ध सुझावहरुलाई आवश्यकताअनुसार थपघट गरी मस्यौदा कार्ययोजनालाई अन्तिप रुप दिने काम भएको थियो ।

बिस्तृत कार्ययोजना अन्तिम र पेश : मस्यौदा कार्ययोजनामा यस उपमहानगरपालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरुसँग गरिएको परामर्श तथा छलफलबाट आएको सुझावलाई समावेश गरी यो अन्तिम बिस्तृत कार्ययोजना तयार गरेको छ ।

## ६.४ लैससास नीति २०८३ को कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना

## २०८३/८४ - २०८७/८८

नीति १: योजना तर्जुमा, कार्यक्रम निर्माण र बजेट तर्जुमा गर्दा लैससास मूलप्रवाहीकरण गर्ने ।

| क्र. सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय / सहकार्य | वजेट | | समय | प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | वाह्य | | |
| १. | लैससास रणनीति प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति नियम, कार्ययोजना तथा मापदण्डहरु निर्माण गर्ने | • विद्यमान न्यायिक समिति कार्य सञ्चालन ऐन, विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, स्वास्थ्य सेवा ऐन, शिक्षा ऐन, तथा कर सम्बन्धी कानूनका साथै अन्य सम्बन्धित कानूनहरुको पुनरावलोकन गरी लैससासमैत्री बनाउने | महिला तथा लक्षित वर्ग<br>सेवाग्राही | उ.प.म.न.पा<br>सामाजिक विकास शाखा | कानून तथा लैससास विज्ञ | √ | | ६ महिना भित्र | विद्यमान नीति तथा कानूनी व्यवस्थाहरु लैङ्गिकमैत्री रुपमा परिमार्जन भएको |
| | | • वार्षिक नीति, कार्यक्रम तथा वजेट लैससास उत्तरदायी तथा जवाफदेही वनाउने, | लक्षित वर्ग | उ.प.म.न.पा | | √ | | प्रत्येक वर्ष | वार्षिक नीति कार्यक्रम तथा वजेट लैससासमैत्री भएको |
| | | • स्याहार अर्थतन्त्र र यसको योगदानसम्बन्धी जनचेतना मूलक कार्यक्रमको योजना तयार गरी समुदायमा सञ्चालन गर्ने | महिला तथा वेतलवी रुपमा काम गर्ने श्रमिक | उ.प.म.न.पा | UNWOMEN<br>ILO | √ | √ | ६ महिना भित्र | योजना तयार भएको |
| | | पालिका स्तरमा परिवारमा कोही नभएका महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुका लागि एकीकृत स्याहार नीति तथा रणनीति निर्माण गरी कार्यान्वयन गर्ने | महिला तथा लक्षित वर्ग | उ.प.म.न.पा<br>लैससास शाखा | UNWOMEN | √ | √ | ६ महिना भित्र | एकीकृत स्याहार नीति तथा रणनीति तर्जुमा भएको |
| | | विद्यमान भौतिक संरचनासम्बन्धी मापदण्ड पुनरावलोकन गरी लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउने, | महिला<br>अपाङ्गता भएका व्यक्ति | | | √ | | ६ महिना भित्र | लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना मापदण्ड निर्माण भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला केन्द्रीत लगानी प्रवर्द्धनका लागि सार्वजनिक तथा निजी साझैदारिता सम्बन्धी कार्यविधि निर्माण गर्ने | महिला | उ.प.म.न.पा | सार्वजनिक तथा निजी साझैदारिता | √ | | एक वर्ष भित्र निरन्तर | कार्यविधि तर्जुमा तथा कार्यान्वयन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | • नगरपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैससास अवधारणा एकीकृत तथा मुलप्रवाहीकरण गर्न, गुणस्तरीयता कायम गर्न लैससास एकीकृत तथा मूलप्रवाहीकरण निर्देशिका तथा योजनाहरु तयार गर्ने | लक्षित वर्ग<br>सहकार्य संस्थाहरु | उ.प.म.न.पा<br>लैससास शाखा | | √ | √ | ६ महिना भित्र | लैससास एकीकृत तथा मुलप्रवाहिकरण निर्देशिका तर्जुमा भएको |
| | | • विपद् संवेदनशील एवं समावेशीमूलक सामाजिक सुरक्षा कार्यविधि निर्माण गर्ने | विपद प्रभावित व्यक्ति | उ.प.म.न.पा<br>लैससास शाखा | | √ | | १ महिना भित्र | कार्यविधि निर्माण भएको |
| | | कर्मचारी नियुक्ति तथा व्यवस्थापनमा लैससासको अवधारणा अनुरुप सकारात्मक विभेदका लागि कानूनी मापदण्ड निर्माण गर्ने | लक्षितवर्ग | उ.प.म.न.पा | | √ | | ३ महिना भित्र | लैससासमैत्री कर्मचारी नियुक्ति तथा व्यवस्थापन नीति तर्जुमा भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • किशोर किशोरीहरुलाई जाँडरक्सी सेवन, लागु औषध दुर्व्यसन तथा अन्य खराब आचरणबाट मुक्त गराई उत्कृष्ट तथा उर्जाशील नागरिकको रुपमा रुपान्तरण गर्न हरेक वडामा एक समुदायस्तर असल किशोर किशोरी समूह गठन र परिचालन कार्यविधि तयारगरी लागु गर्ने | किशोर किशोरीहरु | उ.प.म.न.पा<br>वडा कार्यालय | UNICEF यस क्षेत्रमा कार्यरत स्थानीय संस्थाहरु असल किशोर किशोरी समूह | √ | √ | ६ महिना भित्र | कार्यविधि तयार भएको |
| | | जेष्ठ नागरिक तथा एकल महिलाहरुलाई देहाय अनुसारको सामाजिक सुरक्षाका व्यवस्थाहरु सहज उपलब्धताको लागि स्थानीय सहजीकरण कार्यविधि तर्जुमा गर्ने<br>• सामाजिक सुरक्षा तथा भत्ता,<br>• स्वास्थ्य सेवा तथा उपचार,<br>• आवास तथा आश्रय व्यवस्था,<br>• हिंसा तथा दुर्व्यवहारबाट सुरक्षा तथा संरक्षण र<br>• यातायात सेवामा छुट | एकल महिला तथा जेष्ठ नागरिक | उ.प.म.न.पा | प्रदेश सरकार<br>समावेशी आयोग<br>यस क्षेत्रमा कार्यरत संघसंस्था | √ | | ६ महिना भित्र निरन्तर | एकल महिला तथा जेष्ठ नगारिक स्थानीय सहजीकरण कार्यविधि तर्जुमा भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • मनोसामजिक परामर्श तथा सेवा | | | | | | | |
| | | • अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण तथा हिंसा सम्बोधन सहजीकरणका लागि पालिकास्तरीय अपाङ्गता अधिकार समिति गठन तथा व्यबस्थापन कार्यविधि निर्माण गर्ने | | उ.प.म.न.पा<br>वडा कार्यालय | | √ | | ३ महिना भित्र | गठन तथा व्यबस्थापन कार्यविधि निर्माण भएको |
| २. | लैङ्गिक हिंसाको अन्त्य गरी लैङ्गिक समानता तथा न्यायको सुनिश्चितता गर्ने | • महिला तथा किशोरीहरु विरुद्ध हुने लैङ्गिकतामा आधारित हिंसा (घरेलु हिंसा, दहेजको कारणले हुने हिंसा, हानिकारक सामाजिक परम्पराका कारण हुने हिंसा) उन्मूलनका लागि "मौनता तोडौं लैङ्गिक हिंसा विरुद्ध बोलौं" को नारा सहित पाँच वर्षे कार्ययोजना वनाई लागु गर्ने,<br>• लैङ्गिक हिंसा र यसले परिवारको आर्थिक उन्नतीमा पारेको असर सम्बन्धी अध्ययन अनुसान्धान गरी यसको बारेमा समाजमा सचेतना जगाउने | हिंसा जोखिम तथा प्रभावित महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसंख्यक<br>बालबालिका /अभिवावक | उ.प.म.न.पा<br>लैससास शाखा | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय संघ<br>प्रदेश सरकार<br>UNFPA<br>UNWOMEN<br>गैसस | √ | √ | एक वर्ष भित्र<br>निरन्तर चार पाँच वर्ष सम्म | • लैङ्गिक हिंसा उन्मूलन सम्बन्धी पाँच वर्षे कार्ययोजना तर्जुमा<br>• लैङ्गिक हिंसा क्रमश घटेको<br>• अध्ययन प्रतिवेदन<br>• कानूनी अधिकार सचेतना सामग्री तयार |
| | | • कार्यस्थल हुने हिंसा तथा यौन दुर्व्यवहार नियन्त्रणका लागि आचार संहिता बनाई लागु गर्ने<br>• उ.प.म.न.पा अन्तर्गतका सार्वजनिक संस्था, गैसस, विद्यालय तथा निजीक्षेत्रमा कार्यस्थल हुने हिंसा तथा यौन दुर्व्यवहार नियन्त्रणका लागि आचार संहिता वनाई लागु गर्न र गराउन समन्वय तथा सहकार्य गर्ने | कर्मचारी<br>विद्यालय<br>निजीक्षेत्र<br>सार्वजनिक संस्था<br>गैसस | उ.प.म.न.पा<br>लैससास शाखा | विषय विशेषज्ञ | √ | | ६ महिना भित्र | • आचार संहिता तर्जुमा भएको<br>• आचार संहिता बनाई लागु गर्ने संघसंस्थाहरुको संख्या |
| | | • लैङ्गिक हिंसा निवारण तथा सेवागृह कोष सञ्चालन निर्देशिका जारी गर्ने, | हिंसा प्रभावित व्यक्ति | उ.प.म.न.पा<br>लैससास महाशाखा | विषय विशेषज्ञ | √ | | ३ महिना भित्र | कोष सञ्चालन निर्देशिका जारी भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | • लैङ्गिक हिंसा, भेदभाव र शोषण सम्बोधनका लागि गुनासो व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गर्ने | हिंसा प्रभावित महिला | उ.प.म.न.पा लैससास महाशाखा | | √ | | ६ महिना भित्र निरन्तर | प्रणालीको स्थापना र सञ्चालन भएको |
| | | हिंसा प्रभावितको लागि पालिका स्तरीय सुरक्षित आवास गृह सञ्चालन निर्देशिका बनाउने | हिंसा जोखिम तथा प्रभावित महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसंख्यक | उ.प.म.न.पा लैससास महाशाखा | | √ | | ६ महिना भित्र | सुरक्षित आवास गृह सञ्चालन निर्देशिका बनाउने जारी भएको |
| | | • लैङ्गिक हिंसा प्रभावितहरुको लागि आवश्यकतानुसार पालिका तथा वडास्तरमा मनोसामाजिक परामर्श सेवा निर्देशिका तयार गरी लागु गर्ने,<br>• समुदायमा मनोसामाजिक परामर्शकर्ताको निर्माण गर्ने | मनोसामाजिक परामर्श आवश्यक भएका व्यक्ति | नगरपालिका<br>सामाजिक विकास शाखा | UNFPA, OCMC, CMC<br>यस क्षेत्रमा कार्यरत स्थानीय संघ संस्था | √ | √ | १ महिना भित्र | मनोसामाजिक परामर्श सेवा निर्देशिका तर्जुमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • विद्यालयमा छात्राहरुमाथि हुने हिंसा तथा दुर्व्यवहार अन्त्यको जनचेतनामुलक कार्यक्रमहरुको योजना वनाई विद्यालय, परिवार शिक्षकहरुमा सञ्चालन गर्ने<br>• महिला तथा बालिकाहरुमा (अपाङ्गता भएका महिला तथा बालिका सहित) हुने यौनजन्य हिंसा तथा दुर्व्यवाहार विरुद्ध असल किशोर किशोरी समूहको नेतृत्वमा समुदायमा अभियान चलाउने | महिला तथा अपाङ्गता भएका महिलाहरु विद्यालय परिवार | उ.प.म.न.पा वडा कार्यालय लैससास शाखा | | √ | | ६ महिना भित्र निरन्तर | परिवार तथा समाज अपाङ्गमैत्री व्यवहार प्रति सजक हुनेछ महिला, किशोरी तथा बालिकाहरुमा हुने यौन जन्य हिंसामा विरुद्ध परिवार तथा समुदाय सचेत भएको यौनजन्य हिंसा विरुद्धको उजुरीको संख्या वढेको |
| | | “सक्षम किशोरी सशक्त पालिका” नारासहित किशोरीहरुको लागि आत्मरक्षासम्बन्धी तालिमहरु सञ्चालन गर्ने | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | उल्लेखित लैङ्गिक हिंसा नियन्त्रणमा स्थानीय तहमा गठन हुने बालअधिकार समूह, महिला समूह, आमा समूह, सहकारी, असल किशोरकिशोरी समूह, पुरुष समूहहरुको क्षमता विकास तथा समूहगत परिचालन गर्ने र उत्कृष्ट समूहलाई वार्षिक रुपमा पुरस्कारबाट सम्मान गर्ने व्यवस्था गर्ने, | विभिन्न समूह<br>हिंसा तथा दुर्व्यसनी प्रभावित व्यक्ति | उ.प.म.न.पा वडा कार्यालय | स्थानीय संघसंस्था | √ | √ | प्रत्येक वर्ष | समाजमा विद्यमान विभिन्न हिंसा नियन्त्रणमा स्थानीय समूहहरु सक्रिय भएको<br>हिंसासँग सम्बन्धित वहुपक्षिय विषयमा समाजिक सचेतना वृद्धि भएको |
| | | वडास्तरीय मेलमिलापकर्ताहरुलाई लैङ्गिक हिंसा तथा मुद्दासँग सम्बन्धित बहुआयामिक पक्षको बारेमा क्षमता विकास गर्ने | मेलमिलापकर्ता | उ.प.म.न.पा वडा कार्यालय | मेलमिलाप परिषद<br>District Bar Association Judges Society National Judicail Acedamy | √ | √ | ६ महिना भित्र | मेलमिलापककर्ताहरुले लैङ्गिक संवेदनशील भई मुद्दा हेर्ने गुणस्तरीयता वढ्ने छ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • विपद तथा महामारी पूर्व, अवधि र पश्चात महिला, यौनिक तथा लैङ्गिक अल्पसंसंख्यक र अपाङ्गता भएका व्यक्तिहरु माथि हुने र हुन सक्ने जोखिम तथा हिंसा तथा प्रजनन स्वास्थ्यसम्बन्धी समस्या सम्बोधनका लागि<br>• लैससासमैत्री विपद् सुरक्षा कार्यविधि निर्माण गर्ने र यस वारे समुदायतहको क्षमता विकास गर्ने । | विपद् जोखिम तथा विपद् पीडित महिला, यौनिक तथा लैङ्गिक अल्पसंसंख्यक र अपाङ्गता भएका व्यक्तिहरु | उ.प.म.न.पा | CDO UNFPA, UN WOMEN Police गैसस उपभोक्ता समिति | √ | √ | १ वर्ष भित्र | लैससासमैत्री विपद् सुरक्षा कार्यविधि निर्माण भएको |
| ३. | बालअधिकार तथा संरक्षणका बालमैली स्थानीय शासन विकास गर्ने | • बाल अधिकार समूह गठन गर्न बाँकी भएको स्थानमा स्थानीय बाल अधिकार समिति गठन, पुनर्गठन तथा प्रभावकारी परिचालन गर्ने । यसरी समूह गठन गर्दा समावेशिता विद्यालय जाने, नजाने, छोडेका, पीडित तथा असहाय बालिका, दलित, मुस्लिम, विपद् प्रभावित, जनजाति तथा बाल विवाहमा परेका बालिका) को आधारमा गठन गर्नेछन्,<br>• बालविवाह मुक्त नमुना उपमहानगरपालिका घोषणा गर्नका लागि बालविवाह उन्मूलन सम्बन्धी पाँच वर्षे रणनीति तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने<br>• पालिकास्तरीय बालमैत्री स्थानीय शासन कार्यविधि तर्जुमा गर्ने | बालबालिका | उ.प.म.न.पा वडा कार्यालय | UNICEF गैसस | √ | | एक वर्ष भित्र | बाल अधिकार समूह गठन भएको<br>बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति नियुक्ति भएको<br>बालविवाह उन्मूलन सम्बन्धी पाँच वर्षे रणनीति तर्जुमा भएको<br>कार्ययोजता तयारी भई लागु भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • पालकादेखि वडास्तरसम्म बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति नियुक्ति गर्ने, | | | | | | | |
| | | • बाल कल्याण अधिकारीको व्यवस्था गरी हिंसा, शोषण तथा भेदभावबाट प्रभावित बालबालिकालाई आवश्यक सेवा उपलब्ध गराउने । | बालबालिका | उ.प.म.न.पा | | √ | | ६ महिना भित्र निरन्तर | बालबालिकालाई आवश्यक सेवा उपलब्ध भएको । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • "बाल विवाह र यसको आर्थिक, समाजिक, शैक्षिक मूल्यको बारेमा अध्ययन अनुसन्धान गरि" बाल विवाह निषेधको लागि समुदायस्तरमा अभियान सञ्चालन गर्ने, | | उ.प.म.न.पा | UNICEF बालबालिकाको क्षेत्रमा काम गर्नेए संस्थाहरु | √ | | १ वर्ष भित्र | अध्ययन प्रतिवेदन |
| | | • बालबालिकाहरु माथि हुने हिंसा तथा यतनाबाट प्रभावितहरुको न्यायमा पहुँचको लागि समुदायमा कानूनी न्याय घुम्तीसेवा Mobile Legal Justice Camp) सञ्चालन गर्ने | बालबालिका | उ.प.म.न.पा<br>न्यायिक समिति | District Bar Association | √ | | ६ महिना भित्र | कानूनी न्याय घुम्तीसेवा ( Mobile Legal Justice Camp) सञ्चालन भएको न्याय प्रति बालबालिकाहरु सचेत भएको |
| | | • बालश्रम शोषण उन्मूलनका लागि बालबालिका, रोजगारदाता (अनौपचारिक क्षेत्र, निजी क्षेत्र) तथा अभिभावकहरुलाई सचेतनामूलक सामग्री तयार गर्ने र कार्यक्रम सञ्चालन गर्ने,<br>• बालश्रम शोषणको अनुगमन गरी नियमनकारी भूमिका निभाउने । | बालबालिका | उ.प.म.न.पा | बालश्रम शोषण विरुद्ध कार्यरत संस्थाहरु<br>स्थानीय Police | √ | | ६ महिना भित्र | स्रोत सामग्री तयारी भएको<br>बालश्रम न्यून भएको र क्रमश घट्दै गएको |
| | | • बाल अधिकार समूह तथा क्लबका प्रतिनिधिरुलाईसँग पालिकाको नीति, कार्यक्रम तथा बजेटमा सुझाव संकलन गर्ने । | बालबालिका | उ.प.म.न.पा वडा कार्यालय | | √ | | प्रत्येक वर्ष | बालबालिकाका सवाल तथा सुझाव संकलित । |
| | | • बाल हेल्पलाइन र अस्थायी आश्रय स्थलको स्थापना तथा सञ्चालन गर्ने | बालबालिका | उ.प.म.न.पा | | √ | | ६ महिना भित्र | बाल हेल्पलाइन र अस्थाई आश्रय स्थलको स्थापना |
| | | • बालकोषको स्थापना तथा सञ्चालन कार्यविधि तर्जुमा गर्ने | बालबालिका | उ.प.म.न.पा | युनिसेफ, | √ | | ६ महिना भित्र | बालकोषको स्थापना भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • बाल अधिकार संरक्षण तथा प्रवर्धन एकीकृत कार्यविधि निर्माण वा संशोधन तथा व्यवस्थापन गर्ने । | | | | | | | सञ्चालन कार्यविधि जारी भएको<br>एकीकृत कार्यविधि निर्माण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • जोखिममा परेका बालबालिका तथा परिवारको पहिचान गरी आवश्यकतामा आधारित सहयोग शिक्षा, स्वास्थ्य, सिप तथा व्यवसाय प्रवर्धन) । | जोखिममा परेका बालबालिका तथा परिवार | उ.प.म.न.पा | युनिसेफ, सिमान्तकृत बालबालिका तथा समुदायको लागि काम गर्ने गैसस | √ | √ | निरन्तर | जोखिममा परेका बालबालिका तथा परिवारलाई सहयोग उपलब्ध । |
| | | • विद्यालय वाहिरका बालबालिकालाई यस उ.प.म.न.पाबाट उपलब्ध गराइने स्वास्थ्य सेवा, शिक्षा तथा सुविधको अवसरमा पहुँच वृद्धि गर्न प्रोत्साहनमूलक तथा सूचनामूलक कार्यक्रमहरु प्रभावकारी रुपमा लागु गर्ने, | बालबालिका | उ.प.म.न.पा | युनिसेफ, | √ | √ | | सेवाग्राही बालबालिकाको संख्या वृद्धि भएको |
| | | • पालिका स्तरमा शिशु स्याहार सेवाहरू/ प्रारम्भिक बाल विकास (ECDs) एवं बहुउद्देश्यीय वृद्ध स्याहार हबहरू स्थापना/विस्तार गर्ने, | बालबालिका | उ.प.म.न.पा | बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय संस्था हरु | √ | | १ वर्ष भित्र | बाल विकास (ECDs) एवं बहुउद्देश्यीय वृद्ध स्याहार हबहरू स्थापना भएको |
| ४. | उपमहानगरपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैससास अवधारणाअनुरुप गुणस्तरीयता कायम गर्न आवश्यक कार्यक्रम, कार्यविधि तथा मापदण्ड वनाउने | • उ.प.म.न.पा बाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैससास नीति तथा कार्ययोजना अनुरुप भएको छ कि छैनन् भन्ने परिक्षण गर्न अनुगमन तथा मूल्यांकन खाका तयार गर्ने | उ.प.म.न.पा कर्मचारी | उ.प.म.न.पा लैससास शाखा | नगरपालिका भित्रका विभिन्न शाखा तथा उपशाखाहरु | √ | | ६ महिनाभित्र | अनुगमन तथा मूल्यांकन खाका तयार भएको |
| | | • उपमहानगरपालिका अन्तर्गत सञ्चालित कार्यक्रम तथा सहकार्यमा सञ्चालन गर्ने कार्यक्रमहरुमा लैससास एकीकृत तथा मूलप्रवाहिकरण गर्न लैससास एकीकृत तथा मूलप्रवाहिकरण मापदण्ड तयार गरी लागु गर्ने<br><br>• उ.प.म.न.पाको सहकार्यमा सञ्चालन गर्ने कार्यक्रमहरुमा लैससास एकीकृत तथा मूलप्रवाहीकरण मापदण्ड अनुरुप भएको छ भन्ने सुनिश्चित गर्ने | लक्षित वर्ग<br><br>समन्वय तथा सहकार्य गर्ने संस्थाहरु | उ.प.म.न.पा | समन्वय तथा सहकार्य गर्ने सार्वजनिक तथा निजी संस्थाहरु | √ | | ६ महिनाभित्र | • लैससास एकीकृत तथा मूलप्रवाहीकरण मापदण्ड निर्माण भएको<br>• कार्यक्रमहरु लैंगिक उत्तरदायि तथा जवाफदेही भएको<br>• आर्थिक मितव्ययी भएको<br>• प्रभावकारी सम्प्रेषण भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • उ.प.म.न.पाबाट सञ्चालन गर्ने कार्यक्रमहरुमा लैङ्गिक समानता, समावेशिता, स्रोत तथा बजेटको विनियोजन, कार्यक्रमको प्रभावकारिता तथा क्षमता विकासका साथै अनुगमन तथा मूल्याङ्कन प्रक्रिया लैससासमैत्री वनाउन प्रोत्साहन गर्ने | लक्षितवर्ग | उ.प.म.न.पा | गैसस, निजी क्षेत्र तथा दातृसंस्थाहरु | √ | | निरन्तर | अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन |
| ५. | लैङ्गिक उत्तरदायी बजेट संस्थागत गर्ने | • लैससास रणनीति प्रभावकारी रुपमा कार्यान्वयनका लागि छुट्टै लैङ्गिक उत्तरदायी बजेट निर्देशिका बनाई लागु गर्ने,<br>• वार्षिक, नीति, कार्यक्रम तथा बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने,<br>• लैससास नीति तथा कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयनका लागि पर्याप्त रुपमा छुट्टै लैङ्गिक बजेटको तर्जुमा, विनियोजन तथा उपयोग गर्ने, | लक्षित वर्ग जनप्रतिनिधि कर्मचारी | उ.प.म.न.पा लैससास शाखा योजना शाखा | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय<br>संघको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | √ | | तीन महिना भित्र<br>प्रत्येक वर्ष | लैङ्गिक उत्तरदायी बजेट निर्देशिका लागु भएको<br>लैङ्गिक उत्तरदायी शासन पद्धतिको संस्थागत विकास हुनेछ । |
| | | लैङ्गिक बजेट तथा कार्यक्रमको वार्षिक अनुगमन तथा मुल्याकंन गर्ने लैङ्गिक बजेट तर्जुमा निर्देशिकाको प्रयोगको बारेमा पदाधिकारी, सम्पूर्ण महाशाखा तथा शाखाका जिम्मेवारी कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।<br>लैससास कार्यक्रम, वजेट तथा सम्बन्धित कानूनहरुको कार्यान्वयनको बारेमा वार्षिक अनुगमन तथा मूल्याकंन मापडण्ड निर्माण गरी लागु गर्ने | कर्मचारी | उ.प.म.न.पा | | √ | | प्रत्येक वर्ष | लैङ्गिक बजेट तर्जुमा निर्देशिकाबारे जानकारी भएको र वजेट व्यवस्थापनमा सुधार लैससासमैत्री भएको<br>अनुगमन तथा मुल्याकंन मापडण्ड तयार भएको<br>अनुगमन तथा मुल्याकंनको वार्षिक प्रतिवेदन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • लैससास नीति, वजेट तथा कार्ययोजनाको अनुगमन तथा मूल्यांकन गर्दा मापदण्ड तयार गर्दा लैङ्गिक समानता, समावेशिता, लाभको वितरण, स्रोत तथा बजेटको विनियोजन, कार्यक्रमको प्रभावकारिता, संस्थागत संरचना | लक्षित वर्ग जनप्रतिनिधि कर्मचारी | उ.प.म.न.पा | | √ | | प्रत्येक वर्ष | योजना तर्जुमा, वेजेट तथा कार्यान्वयनमा लैङ्गिक बजेट सुनिश्चित भएको<br>योजना तथा कार्यक्रममा लैससासका सवाललाई |
| | | तथा क्षमता विकाससम्बन्धी क्षेत्रमा विशेष केन्द्रीत रहने छ ।<br>• कार्यक्रमको प्रभावकारिता मापनको लागि लैससास सार्वजनिक सुनुवाई (GESI Public Audit)गर्ने र सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैससासका सवाललाई उचित रुपमा सम्बोधन गरिनेछ । | सरोकारवालिका संस्थाहरु | | | | | | पर्याप्त रुपमा सम्बोधन भएको |

नीति २ : लैससास प्रणालीको स्थापना तथा सवलीकरण गर्ने

| क.सं | कार्यनीति | कार्यक्रम तथा क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय / सहकार्य | वजेट | | समय | प्रगति सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | वाह्य | | |
| १. | उपमहानगरपालिका तथा वडास्तरीय सैससास सम्बोधन संरचना स्थापना गर्ने | • उपमहानगरपालिकाभित्र लैससास सम्पर्क व्यक्ति (GESI Focal Person) सहितको लैससास शाखा स्थापना गर्ने,<br>• प्रत्येक वडामा लैससास सम्पर्क व्यक्ति सहित वडास्तरीय लैससास उपशाखा स्थापना गर्ने । | महिला, लक्षित वर्ग तथा किनारी लगाइएका समुदाय | उ.प.म.न.पा | | √ | | दुई महिना भित्र | लैससास शाखा तथा उपशाखा स्थापना भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | • महिला तथा प्रजनन स्वास्थ्य सम्बन्धी हिंसा अन्त्यको लागि उपमहानगरपालिकाका हरेक वडामा एक वडा सदस्यको अगुवाइमा महिला हिंसा प्रतिकार समूह गठन गरी परिचालन गर्ने | महिला, लक्षित वर्ग तथा किनारी लगाइएका समुदाय | उ.प.म.न.पा | महिला अधिकारको क्षेत्रमा काम गर्ने स्थानीय संस्था | √ | | ६ महिना भित्र | समूह गठन भएको हुने |
| | | • माध्यमिक विद्यायहरुमा छात्रामैत्री सूचना केन्द्र स्थापना गर्ने, | छात्रा | विद्यालय | उ.प.म.न.पा | √ | | ६ महिनाभित्र | सूचाना केन्द्र स्थापना भएको |
| | | हरेक वडामा मनोसामाजिक परामर्शकर्ता सहितको परामर्श कक्षको स्थापना गर्ने | लैङ्गिक हिंसा प्रभावित | उ.प.म.न.पा | OCMC<br>CMC | √ | | ६ महिनाभित्र | परामर्श कक्ष स्थापना भएको |
| | | • हरेक वडामा एक समुदायस्तर असल किशोर किशोरी समूह गठन र परिचालन गर्ने | किशोर किशोरी | उ.प.म.न.पा वडा कार्यालय | UNICEF<br>यस क्षेत्रमा काम गर्ने स्थानीय संस्थाहरु | √ | √ | १ वर्ष भित्र | किशोर किशोरी समूह गठन भएको |
| | | • अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण तथा हिंसा सम्बोधन सहजीकरणका लागि पालिकास्तरीय अपाङ्गता अधिकार समिति गठन गर्ने | अपाङ्गता भएका व्यक्तिहरु | उ.प.म.न.पा वडा कार्यालय | यस क्षेत्रमा काम गर्ने स्थानीय संस्थाहरु | √ | | ६ महिना भित्र | अपाङ्गता अधिकार समिति गठन भएको |
| | | • वडास्तरीय मेलमिलाप कक्ष तथा मेलमिलापकर्ता तयारी गर्ने र समय समयमा विभिन्न विषयमा मेलमिलापकर्ताको क्षमता विकास गर्ने, | मेलमिलापकर्ता | उ.प.म.न.पा | मेलमिलाप परिषद<br>District Bar Association Judges Society<br>National Judicail Acedamy | √ | √ | ६ महिना भित्र | मेलमिलापककर्ताहरुले लैङ्गिक संवेदनशील भई मुद्दा हेर्ने गुणस्तरीयता वढ्ने छ । |
